का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ चैत २०८१,
शुक्रबार
21 March, 2025
Friday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ई-पेपर हेर्न



## जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवस

# रोकिएन जातीय विभेद

जातीय विभेद र छुवाछुतजन्य सामाजिक हिंसा रोकिन नसकेको तथ्य महान्यायाधिवक्ता कार्यालयको प्रतिवेदनले नै देखाउँछ । गत १ आर्थिक वर्षमा ५४ जना भेदभावजन्य कसुरमा कारबाहीमा परेका थिए । कारबाहीमा भोग्नेहरूमा मधेश प्रदेश र काठमाडौं उपत्यकाका अधिक छन्



हामीले जातीय भेदभाव तथा छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको १८ वर्ष भयो तर अझै महायज्ञको नाममा दलितले छोएको माटोसमेत अछुत भनेर उठिबास लगाउने कार्य जारी छ

■ **जीवन परियार**
नेता, नेपाली कांग्रेस




**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ चैत ।

नेपाल जातीय भेदभाव तथा छुवाछुतमुक्त राष्ट्र घोषणा भएको १८ वर्ष नाघ्यो । तत्कालीन व्यवस्थापिका संसद्ले २१ जेठ २०६३ मा नेपाललाई यस्तो घोषणा गरे तापनि अझै यससम्बन्धी सामाजिक हिंसा रोकिएको छैन बरु जातीय छुवाछुत र विभेदजन्य हिंसा शृंखलावद्ध रूपमा भइरहेका छन् ।

कतिपय सार्वजनिक हुँदैनन् । सार्वजनिक भएका घटनालाई समेत सरकारले गम्भीर रूपमा नलिएको भनेर प्रश्न उठ्दै आएको छ ।

हालै सिरहाको औरही- ५ का दलित दीपक मलिक डोमको घर भत्काइएको छ । औरहीस्थित हुलाकी सडकछेउमा १७ चैतदेखि विष्णु महायज्ञ हुँदै छ । महायज्ञका लागि पूजास्थल नजिकै बस्दै आएका मलिक परिवार अहिले विस्थापित हुन पुगेका छन् ।

आयोजक बजरंगी बाबा, गाउँपालिका अध्यक्ष शिवजी यादव र पूर्ववडाध्यक्ष दिलीप यादवसहितको समूहले दलित परिवारलाई उठिबास मात्र लगाएन, अछुत भनेर उक्त परिवार बस्दै आएको घरले ओगटेको जमिनको माटो नै खनेर फालेको छ । यस्ता घटना एकपछि अर्को भइरहेका छन् । सर्लाहीको बरहथवा नगरपालिका- ४ का सत्येन्द्रकुमार >>> पृष्ठ २ मा

पानीका स्रोतको संरक्षण गरौं ।
- वनसम्पदाको संरक्षण गरौं,
- खुला ठाउँमा वृक्षरोपण गरौं,
- इनार, कुवा, पोखरी, पानी पँधेरोजस्ता पानीका स्रोतको संरक्षण गरौं,
- भूमिगत पानीको दोहन नगरौं,
- पानीका स्रोतको संरक्षणवारे जनचेतना अभिवृद्धि गरौं,
- खोलानाला, पोखरी, ताल वरिपरि सफा र हराभरा राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# एमाले पनि सडकमा !

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, ७ चैत ।

सरकार संचालन गरिरहेको नेकपा एमालेले सडक प्रदर्शन गर्ने घोषणा गरेको छ ।

एमालेले संघीय लोकतान्त्रिक गणतन्त्रको पक्षमा जनमत सिर्जना गर्न देशव्यापी जनसचेतना अभियान संचालन गर्ने घोषणा गरेको हो । मुलुकमा भइरहेका प्रतिगामी गतिविधिविरुद्ध जनतालाई सचेत गराउन एमालेले यस्तो कार्यक्रम आयोजना गर्न लागेको महासचिव शंकर पोखरेलले बताए ।

११ चैतमा एकै दिन एकै समय देशैभर सबै वडामा जनसचेतना कार्यक्रमको घोषणा एमालेले गरेको हो ।

महासचिव पोखरेलले बिहीबार सबै प्रदेश र जिल्ला कमिटीका अध्यक्षहरूलाई भर्चुअल बैठकबाट सम्बोधन गर्दै पार्टीले तय गरेको कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयनमा लैजान निर्देशन दिएका छन् ।

११ देखि ३० चैतसम्म सबै प्रदेश र जिल्लामा प्रतिगामी हर्कतविरुद्ध जनपरिचालन, जनसचेतना कार्यक्रम आयोजना गरिने छ । यस क्रममा ११ चैतमा धनगढी, सुर्खेत, बुटवल, पोखरा, वीरगन्ज र दमकमा मोटरसाइकल ¥याली आयोजना गरिने छ ।

१८ चैतमा सबै जिल्लामा जिल्लास्तरीय जागरणसभा आयोजना गरिने छ भने २४ देखि ३० गतेसम्म बाग्मतीबाहेकका ६ वटै प्रदेशका धनगढी, सुर्खेत, बुटवल, पोखरा, वीरगन्ज र दमकमा विशेष प्रदर्शन र जनसभा गरिने छ ।

प्रदेश तहमा हुने विशेष सभामा पार्टी केन्द्रबाट वक्ता पठाइने छ भने जिल्ला तहको सभाका लागि आवश्यक परेका ठाउँमा त्यस्तो व्यवस्था गरिने एमालेले जनाएको छ ।

एमाले केन्द्रीय सचिवालयको ४ चैतमा बसेको ४६औं बैठकले लोकतान्त्रिक गणतन्त्र र नेपालको संविधानविरुद्ध भइरहेका सुनियोजित गतिविधिप्रति गम्भीर रूपमा छलफल गरी पार्टीले नेपालको संविधान र यसले संस्थागत गरेको संघीय लोकतान्त्रिक गणतन्त्र, समावेशी प्रणाली र सामाजिक न्याय जस्ता उपलब्धि रक्षाका लागि दृढतापूर्वक उभिने संकल्प गरेको थियो ।

## किन भेटिँदैनन् मुख्य तस्कर ?





‘संगठित अपराधमा एउटै केशले टुंगिँदैन । प्रहरीले अवैध सुन काण्ड, डलर तथा युरो मुद्रा, लागुऔषध तस्करी, मानव ओसारपसारका मुख्य घटनामा सूक्ष्म अनुसन्धान गरिरहेको छ’

**दिनेशकुमार आचार्य**, प्रवक्ता, नेपाल प्रहरी



ठूला अपराधमा संलग्न व्यक्तिहरूका मुद्दा शक्ति केन्द्रसँग जोडिएका कारण कताकता हराउने गरेका छन् । राजनीतिक रूपमा निकट भएका र शक्ति केन्द्रसँग जोडिएकाले प्रहरीको अनुसन्धानमाथि हस्तक्षेप हुने गरेको छ

**हेमन्त मल्ल**, पूर्वडीआईजी

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ७ चैत ।

**घटना- १**

नेपाल प्रहरीले ७ चैतमा भाटभटेनी सुपर मार्केटको सामान ल्याउँदै गरेको गाडीमा भन्सार जाँच पास नगराई ल्याइएको ७४० थान अवैध भेप (विद्युतीय चुरोट) बरामद गऱ्यो । अन्दाजी मूल्य २२ लाख २० हजार पर्ने उक्त सामग्रीसहित चालक भोटेकोशी गाउँपालिका- २ का प्रवीण खत्री र डिब्बा गाडी इलाका प्रहरी कार्यालय बाह्रबिसेले नियन्त्रणमा लिएको थियो । तातोपानी भन्सार नाकाबाट काठमाडौं आउँदै गरेको ना६ख ५४९६ नम्बरको ट्रक र चालक खत्रीलाई थप अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय हरिहर भवनमा पठाइएको छ ।

**घटना- २**

यही ४ चैतमा रसुवाको केरुङ नाकाबाट चीन लैजान लागेको (डलर र युरो) २५ >>> पृष्ठ २ मा

### गौर हत्याकाण्ड

# १८ वर्षदेखि नसुल्झिएको घाउ

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ७ चैत ।

रौतहटको चन्द्रपुर- २ पैनीटोलका भक्तबहादुर पाण्डेसँग १८ वर्षदेखि बल्झिरहेको घाउ अहिले पनि बिसेक भएको छैन । १८ वर्षअघि भएको कहालीलाग्दो घटनामा छोरा गुमाएपछि सुरु भएको उनको दुःखको यात्रामा विश्राम लागेको छैन ।

७ चैत २०६३ मा गौर नगरपालिकास्थित राइस मिल मैदानमा भएको अकल्पनीय घटनाले पाण्डे परिवारलाई आजपर्यन्त सताइरहेको छ । पाण्डेका २० वर्षीय छोरा दीपक पाण्डे तत्कालीन माओवादीको युवा संगठन वाईसीएलमा भर्ना भएको जम्मा ९ महिना मात्र भएको थियो । राइस मिल मैदानमा सो दिन माओवादीले सभाको आयोजना गरेको थियो । सोही दिन तत्कालीन मधेशी जनअधिकार फोरमले पनि सोही मैदानमा सभा गर्न लागेको थियो ।



*झडपपछि रणभूमिमा बदलिएको गौरको राइस मिल, जहाँ माओवादी र तत्कालीन फोरमले सभाको आयोजना गरेका थिए । फाइल तस्बिर*

माओवादी र फोरमले एकै दिन, एकै समय र एकै स्थानमा कार्यक्रम राख्दा झडप भयो । झडप सामान्य थिएन, हत्याको कहालीलाग्दो अवस्थामा बदलियो ।

झडपका क्रममा माओवादीतर्फका २७ जना कार्यकर्ताको हत्या भयो । घटनामा ११५ जना घाइते भए । गौर घटना जाँचबुझ आयोगले घटना पूर्वनियोजित, मनशाययुक्त र क्रूर तरिकाबाट भएको निष्कर्ष निकाल्यो ।

**नृशंस घटना**

त्यस दिन राइस मिलमा माओवादी र फोरमले एकै ठाउँमा सभा गर्न लागेका भन्दै नगरपालिकाभर त्रास पैदा भइसकेको थियो । यसको यथार्थ जानकारी हुँदा पनि स्थानीय प्रशासनले रोक्ने प्रयास गरेन । >>> पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# संख्या सय समस्याको स्थायी समाधान अन्तिम चरणमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ चैत ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले चालू आर्थिक वर्षको समाप्तिअघि नै संख्या सय समस्याको स्थायी समाधान हुने बताएको छ ।

मध्यान्ह राष्ट्रिय दैनिकले बिहीबारको अंकमा गत १८ माघमा प्रारम्भ भएको संघीय संसद्को हिउँदे अधिवेशन बढीमा चैतको तेस्रो हप्तासम्म मात्र चल्ने हुँदा संख्या सयको प्रावधान खारेज गर्न पेस भएको केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक पारित भई कानुनको रूपमा आउन समयको चापले समस्या रहेको समाचार सार्वजनिक गरेको थियो ।

उक्त समाचारप्रति आफ्नो धारणा राख्दै संघका अध्यक्ष राजेन्द्र भण्डारीले विधेयक संसद्मा टेबुल गराउन तथा त्यसलाई पारित गराएर व्यवसायीलाई



सहज बनाउन सबै पहल गरिएको बताए ।

उनले भने, ‘वैदेशिक रोजगार व्यवसायीको इजाजतपत्र नवीकरणका लागि समस्याको रूपमा रहेको बाध्यात्मक संख्या सय खारेजीको प्रावधान समेटिएको विधेयक आमव्यवसायीको मागअनुसार नै पारित गराउन मुख्यमुख्य राजनीतिक दलका प्रमुख सचेतक, सम्बन्धित संसदीय समिति र वैदेशिक रोजगार क्षेत्रमा दखल राख्ने सबै सांसदहरूलाई पनि विषयवस्तु जानकारी गराएका छौं । उहाँहरूबाट सकारात्मक जबाफ पाएका छौं । चालू आर्थिक वर्ष सकिनु अगाडि नै निकास आउँछ ।’

नेपाल सरकारले वैदेशिक रोजगार ऐन, २०६४ को केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ मार्फत १९ फागुन २०७५ मा वैदेशिक रोजगार व्यवसायीले इजाजतपत्र नवीकरण गर्दा वार्षिक सय जना कामदार पठाएको विवरण पेस गर्नुपर्ने कानुनी व्यवस्था गरेको हो । तर, उक्त कानुनी प्रावधान हालसम्म १ पटक पनि कार्यान्वयनमा आएको छैन ।

सरकारले व्यवसायीको मागअनुसार नै उक्त कानुनी व्यवस्था अव्यावहारिक भन्दै खारेज गर्ने निर्णय गरेर ३० असार २०८० मा प्रतिनिधिसभामा विधेयक प्रस्तुत भएको हो । उक्त विधेयकमा वन तथा राष्ट्रिय वन्यजन्तुसम्बन्धी संशोधनका विषयमा राष्ट्रिय सहमति नबन्दा संसद्मा निर्णयार्थ पेस हुन पाएको छैन । ८० भन्दा बढी ऐनका विभिन्न दफा संशोधन गराउने व्यवस्था गरिएको उक्त विधेयक पारित नहुँदा वैदेशिक रोजगार व्यवसायी सबैभन्दा बढी पीडित बनेका छन् । उक्त कानुनी व्यवस्थाका कारण सय जना कामदार उडाउन नसकेका वैदेशिक रोजगार व्यवसायी चैत-वैशाख महिना सुरु भएपछि नै लाइसेन्स के हुने हो भनेर त्रासमा रहने गरेका छन् ।

संघका अध्यक्ष भण्डारीले विगतको पीडा सम्झेर व्यवसायी त्रसित भएका भन्दै सरकार नै वैदेशिक रोजगार ऐनबाट सय संख्याको कानुनी प्रबन्ध खारेज गर्न सैद्धान्तिक रूपमा >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

८ चैत २०८१ शुक्रबार
21 March 2025, Friday

## रोकिएन...

राम (चमार) र बरहथवा- ५ की नेहा रौनियारले अन्तरजातीय प्रेम विवाह गरेकै कारण परिवारले ज्यादती सहन बाध्य भए । विवाह दर्तासमेत गरिसकेका सत्येन्द्र र नेहालाई लागुऔषध कारोबार र मानव बेचविखनसम्मको मुद्दा लगाएर दुःख दिइएको थियो ।

सर्लाहीको अन्तरजातीय विवाहको विषय सेलाउन नपाउँदै सिरहामा जातीय विभेदजन्य अर्को सामाजिक हिंसा भएको हो ।

नेपालमा जातीय विभेद रोकिएको विषय संसद्मा समेत उठेको छ । आज २१ मार्च जातीय भेदभाव उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय दिवस हो । यो सन्दर्भमा सरोकारवालाहरूले नेपालको चित्र ख्याल गरेर आगामी नीति तय गर्न सरकारलाई सुझाएका हुन् । नेपाली कांग्रेसका सांसद जीवन परियार अझै समाजमा जातीय विभेद कायम रहेको बताउँछन् । 'हामीले जातीय भेदभाव तथा छुवाछुतमुक्त राष्ट्र घोषणा गरेको १८ वर्ष भयो । तर, अझै महायज्ञको नाममा दलितको छोएको माटोसमेत अछुत भनेर उठिबास लगाउने कार्य जारी छ', सांसद परियारले मध्यान्ह दैनिकसँग भने ।

छुवाछुतजन्य सामाजिक हिंसाविरुद्ध संविधान र ऐन छ । छुवाछुतजन्य सामाजिक हिंसा दण्डनीय हुनेगरी २०६८ सालमा 'जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन' जारी भएको थियो । २०७२ सालमा जारी संविधानले सबै प्रकारका असमानता र विभेदको अन्त्य गर्दै आर्थिक समानता, समृद्धि र समानतासहितको न्याय सुनिश्चित गरेको छ । राज्यका सबै अंग र निकायमा समानुपातिक समावेशी प्रतिनिधित्व भएको समतामूलक समाज निर्माणको संकल्प गरेको छ ।

तर, व्यवहारमा जातीय विभेद नरोकिएको महान्यायाधिवक्ता कार्यालयको वार्षिक प्रतिवेदनले समेत देखाउँछ ।

आर्थिक वर्ष २०८०/०८१ मा ५४ जना जातीय विभेद तथा छुवाछुतजन्य कसुरमा कारबाहीमा परेका छन् । यस्तो कारबाहीमा पर्नेको संख्या मधेश प्रदेश र काठमाडौं उपत्यकाकै अधिक छन् ।

यस्तो कसुरमा कारबाहीमा पर्ने काठमाडौं उपत्यकाबाटै ९ जना छन् । यस्तो संख्या कोशी प्रदेशबाट ६ जना, मधेश प्रदेशका १७, उपत्यकाबाहेकका बाग्मती प्रदेशका ३, गण्डकी प्रदेशका १, लुम्बिनी प्रदेशका ३, कर्णाली प्रदेशका ८ र सुदूरपश्चिम प्रदेशका ७ जना छन् ।

## १८ वर्षदेखि...

फोरमले मैदानको दक्षिण र माओवादीले उत्तर कुनामा अघिल्लो दिन नै मञ्च बनाइसकेका थिए ।

त्यही राति मकवानपुर, सिन्धुली, दाङ, बाजुरा, बारा, पर्सा, सिरहा, चितवन, काभ्रे, रुकुम, सप्तरीलगायत जिल्लाबाट वाईसीएल कार्यकर्तालाई सभास्थलमा खटाइएको थियो । उनीहरू साना हतियारसहित आएका थिए । माओवादी कुनै हालतमा फोरमलाई सभा गर्न नदिने पक्षमा थियो भने फोरम गरेरै छाड्ने अडानमा थियो ।

फोरमले प्रमुख अतिथि नेता उपेन्द्र यादवलाई बनाएको थियो भने माओवादीले जिल्ला इन्चार्ज प्रभु साहलाई अतिथि बनाएको थियो । घटनाका बेला दुवै यादव र साह घटनास्थलमै उपस्थित थिए ।

कार्यक्रमस्थलभन्दा ५ किलोमिटर टाढासम्म विभिन्न ठाउँमा माओवादीलाई फोरम कार्यकर्ताहरूले लखेटीलखेटी हत्या गरेका थिए ।

माओवादी कार्यकर्ताहरू प्रतिमा खातुन, रेखा परियार, उषा थापा तथा सरस्वती उप्रेतीलाई बलात्कार गरी आगो लगाएर हत्या गरिएको थियो ।

माओवादी कार्यकर्तालाई गोली हानी, खुकुरी तथा लाठी र फट्टा प्रहार गरी निर्मम तरिकाले हत्या भएको राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो प्रतिवेदनमा उल्लेख गरेको छ ।

**न्यायको पर्खाइ**

पाण्डे मात्र होइन, त्यस घटनामा आफन्त गुमाएकाहरूको आँसु अहिले पनि थामिएको छैन । घटनाका दोषी उपर अहिलेसम्म कारबाही पनि भएको छैन ।

कुनै युद्धभूमिमा लडाइँ हुँदै गरेको फिल्मको झल्को आउने त्यो क्रूर घटनामा तत्कालीन फोरमका अध्यक्ष उपेन्द्र यादव, पूर्वसभासद् बबन सिंह, पछि प्रदेशसभा सांसद बनेका बाबुलाल साहलगायत ११३ जनाको नाम जोडिएको छ । तर, पाण्डे र उनी जस्ता पीडित परिवारहरू घटना भएको झण्डै २ दशकमा पनि न्यायको पर्खाइमा छन् । पीडितहरूले घटनामा संलग्न रहेको भन्दै जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दिएको पनि वर्षौं भइसकेको छ तर ती मुद्दामाथिको प्रक्रिया टुंगोमा पुगेको छैन ।

जिल्ला प्रहरी कार्यालय रौतहटमा विचाराधीन अवस्थामा मुद्दा रहँदा पीडितहरूले सरकारलाई गुहार्दै आएका छन् । घटनाका दोषीमाथि कारबाहीको माग गर्दै पीडितहरूले काठमाडौं केन्द्रित आन्दोलन गरे पनि कारबाही हुन सकेको छैन । सरकारले नसुनेपछि पीडितहरू सर्वोच्च अदालत पनि पुगेका छन् ।

कारबाही गर्ने निकायमा मुद्दा विचाराधीन रहेका अवस्थामा पीडितहरूले अझै पनि न्याय पाउने आस मारेका छैनन् ।

आम जनता पार्टीका अध्यक्ष तथा तथा तत्कालीन माओवादीका नेता सांसद प्रभु साहले गौर हत्याकाण्डका योजनाकार तथा हत्यारालाई कारबाही हुनुपर्ने माग बिहीबार प्रतिनिधिसभामै उठाए । हत्याकाण्डमा संलग्नलाई कारबाही हुनुपर्ने र त्यसका कारण रौतहटमाथि लागेको कलंक हटाउनुपर्ने साहले माग गरे ।

'यस्तो अमानवीय र बीभत्स हत्याकाण्डका दोषीलाई उन्मुक्ति दिएर कानुनी शासन बहाली हुँदैन । गौर हत्याकाण्डका दोषीलाई कानुनी दायरामा ल्याउनुपर्छ र पीडित पक्षले न्याय पाउनुपर्छ', अध्यक्ष साहले भने । साहले घटनाका विषयमा संसद्मा बोले पनि माओवादी सांसदहरूले भने यसबारे केही बोलेनन् ।

**सबै चुप**

गौर नरसंहारमा माओवादीलाई निकै धेरै क्षति भएको भए पनि माओवादी कार्यकर्ता तथा नेताहरूले घटनालाई बिर्सेको जस्तो गरेका छन् । राष्ट्रिय मानवअधिकार आयोगले समेत बारम्बार दोषीलाई कारबाही गरी पीडित परिवारलाई न्याय दिन सरकारको ध्यानाकर्षण गराउँदै आए पनि सरकारले उदासीनता देखाउँदै आएको छ भने यसमा प्रत्यक्ष संलग्न रहेको माओवादीले पटकपटक सरकारमा गए पनि चासो देखाएको छैन ।

तत्कालीन फोरम (अहिले जसपा-नेपाल)ले पनि घटनाका बारेमा बोल्न छाडेको छ । माओवादी र फोरम दुवैले आफूलाई चोख्याउँदै एकअर्कालाई दोषी ठान्छन् ।

घटनाका प्रत्यक्षदर्शीमध्येका एक माओवादीका तत्कालीन नेता युवराज भट्टराई हत्यारालाई अहिलेसम्म कारबाही नहुनु दुःखद भएको बताउँछन् । उनी झडपका बेला सभास्थलमै थिए तर दुवैतर्फबाट हानाहान हुन थालेपछि भागेर ज्यान जोगाएका थिए ।

यद्यपि, मृतकका परिवारलाई राज्यले घटना भएको ९ महिनापछि १० लाख रुपैयाँका दरले क्षतिपूर्ति दिए पनि न्याय दिलाउने सवालमा भने चासो देखाएको छैन ।

घटनाको निष्पक्ष छानबिन हुनुपर्ने माग उठेपछि सरकारले पुनरावेदन अदालत पाटनका तत्कालीन न्यायाधीश हरिप्रसाद घिमिरेको संयोजकत्वमा उच्चस्तरीय छानबिन टोली गठन गरेको थियो । घटनापछि १२७ जनाको नाममा कर्तव्य ज्यान मुद्दामा जाहेरी परेको थियो ।

पछि जाहेरीमा अभियुक्तको सूची कटौती गरेर ११३ जनाको नाममा ज्यानसम्बन्धी कसुरमा मुद्दा दर्ता भयो, जसमा उपेन्द्र यादवदेखि बबन सिंहसम्म थिए । ती सबैलाई प्रहरीले फरार अभियुक्त भनी मिसिलमा चढायो तर खोजखबर गरेन ।

यादव अहिले जसपा-नेपालका अध्यक्ष हुन् । उनी त्यसपछि भएका निर्वाचनहरू जितेर उपप्रधानमन्त्रीसमेत भए । बबन सिंह पहिलो संविधानसभामा निर्वाचित भए । अरू पनि थुप्रै 'फरार अभियुक्तहरू'ले महत्त्वपूर्ण सार्वजनिक पद प्राप्त गरे ।

दोषीमाथि कारबाही माग गर्दै मृतकका परिवारले २०७७ चैतमा तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई ज्ञापनपत्र बुझाएका थिए । ओली अहिले पनि प्रधानमन्त्री छन् तर हालसम्म कारबाही गर्न चासो देखाएका छैनन् ।

गत वर्ष जेठमा पीडितहरूले माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई भेटेर न्याय दिलाउन आग्रह गरेका थिए । उनी त्यति बेला प्रधानमन्त्री थिए । प्रचण्डले दोषीलाई कानुनी दायरामा ल्याउने आश्वासन पनि दिए तर पछि चासो देखाएनन् ।

## किन...

करोड १९ लाख २४ हजार ९५० रूपैयाँ हुन आउने अवैध विदेशी मुद्रासहित ट्रक चालक पक्राउ परे । ना७ख १६५२ नम्बरको ट्रकमा फल्स बटम बनाएर लगिँदै गरेको विदेशी मुद्रासहित काठमाडौंको टोखास्थित झोरबाट रातको समयमा पक्राउ गरिएका भरिया सिन्धुपाल्चोकका ४३ वर्षीय फुच्चे भन्ने कुसाङ लामालाई प्रहरीले राजस्व अनुसन्धान कार्यालयमै पठाएको छ ।

यद्यपि, बरामद भएको रकम कसले पठाएको हो भन्ने अझै खुलेको छैन । लामाले उक्त रकम एक चिनियाँ नागरिकले दिएको दाबी गरेका थिए । रकमको कनेक्सन सुन कारोबारसँग जोडिए पनि यस प्रकरणका मुख्य व्यक्ति को हुन् भन्ने पत्ता लगाई नसकेको प्रहरीले जनाएको छ ।

उनै लामालाई अपराध अनुसन्धान कार्यालयकै टोलीले १३ पुस २०७३ मा कलंकीबाट ७ किलो अवैध सुनसहित पक्राउ गरेका आधारमा सो रकम अवैध सुन कारोबार गर्ने प्रयोजनकै लागि लगिँदै गरेको प्रहरीको अनुमान छ ।

नेपाल प्रहरीका नयाँ महानिरीक्षक (आईजीपी) दीपक थापा नियुक्त भएकै दिनयताका यी ठूला २ घटना हुन् । यिनै प्रकरणलाई लिएर बुधबार र बिहीबार प्रतिनिधिसभाको बैठकमा व्यापक बहस भएको छ ।

राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले विगतका सुन तस्करीदेखि केही दिनअघि भएको २५ करोडभन्दा बढी अवैध रकमका मूल तस्करहरू पत्ता लगाउन अनुसन्धानलाई प्रभावकारी बनाउनुपर्ने माग गरे ।

त्यस्तै, नेकपा (माओवादी केन्द्र)का सांसद माधव सापकोटा, रास्वपाका सांसद मनीष झालगायतले सरकार नै तस्करहरूको संरक्षक जस्तो देखिएको आरोप लगाएका छन् । अपराध अनुसन्धानको मुख्य जिम्मेवारी पाएको नेपाल प्रहरीले अवैध तस्करीका मूल मालिकको पहिचान गरी कानुनी दायरामा ल्याउन अझै सकिरहेको छैन । अवैध रूपमा कारोबार हुने सुन, डलर, लागुऔषधलगायत व्यापारमा संलग्न बिचौलियालाई पक्राउ गरे पनि मूल नाइके भेट्न निकै कठिन हुँदै आएको हो ।

पछिल्लो दशकमा अत्यन्तै मौलाएको अवैध सुन, डलर तथा युरो मुद्रा, लागुऔषध तस्करी, मानव बेचविखन/तस्करीका मुख्य नाइके र योजनाकारको पहिचान गर्न प्रहरीलाई निकै सकस परेको छ ।

अवैध सामान ओसारपसार गर्ने चालक, भन्सार नाका वारपार गराउन सहजीकरण गर्ने व्यक्ति र केही साना बिचौलियाबाहेक मूल नाइकेको पहिचान गर्न प्रहरीले ठूलै मूल्य चुकाउनुपर्ने देखिन्छ । यद्यपि, प्रहरीले भने यस्ता घटनामा संलग्न मुख्य योजनाकार र नाइकेको पहिचानका लागि निरन्तर अनुसन्धान भइरहेको र कतिपय घटनाका मुख्य नाइकेहरू पक्राउ गर्न सफल भएका दाबी गरेको छ ।

'नेपाल प्रहरीले त्यस्ता अवैध गतिविधि गर्नेमाथि निरन्तर अनुसन्धान गरिरहेको र कतिपय ठूला घटनाका नाइकेलाई कानुनी कठघरामा पठाइसकिएको छ', नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक दिनेशकुमार आचार्यले भने, 'संगठित अपराधमा एउटै केशले टुंगिँदैन । प्रहरीले अवैध सुन काण्ड, डलर तथा युरो मुद्रा, लागुऔषध तस्करी, मानव ओसार पसारका मुख्य घटनामा सूक्ष्म अनुसन्धान गरिरहेको छ ।' यस्ता प्रकरणमा अनुसन्धानमा वर्षौं लागे पनि अन्ततः सफल हुने प्रहरीको विश्वास छ ।

नेपालमा हुने अवैध मालसामान ओसारपसार र तस्करीका घटना नयाँ भने होइनन्, तर कुनैकुनै समयमा हुने तस्करी सोचेभन्दा भयानक र ठूला मात्र हुँदैनन्, विश्वास गर्नै नसक्ने खालका डरलाग्दा प्रकृतिका हुने गरेका छन् । त्यसका ज्वलन्त उदारहणहरू हुन्- ३३ किलो, ८० किलो, १ क्विन्टल सुन तस्करीदेखि भुटानी शरणार्थी काण्ड, करोडौं विदेशी मुद्रा ओसारपसार र झेपमार्फत गरिने सुन तथा अवैध लागुऔषध कारोबार ।

३ दिनअघि मात्र भएको अवैध २५ करोड १९ लाख नगद बरामदलाई बलियो उदाहरणका रूपमा पेस गर्न सकिन्छ । खासगरी नेपालमा छिमेकी २ ठूला देश भारत र चीनसँगको खुल्ला सिमानाका कारण सडकमार्गबाट धेरै तस्करी हुने गरेको छ भने सुन जस्ता बहुमूल्य वस्तुहरूको सडकसँगै हवाईमार्गबाटै खुलेआम तस्करी हुने गरेको छ । भारतसँगका २७ वटा र चीनसँगका १४ वटा सीमानाकामार्फत बढी तस्करी हुने गरेको पाइन्छ । यसरी हुने तस्करीमा विगतमा खाद्यान्न, लत्ताकपडा, लागुऔषध, औषधि, मेसिनरी पार्ट्स जस्ता वस्तुहरू भए पनि पछिल्लो समय ठूलो मात्रामा करोडौं करोड खुद नगद नै ओसारपसार हुन थालेको अनुसन्धान अधिकारीहरूको अनुभव छ ।

यस्ता ठूला र संगठित अपराधका घटनामा नेपाल प्रहरीको स्वतन्त्र अनुसन्धानमा राजनीतिक हस्तक्षेप नहुने हो भने मुख्य अपराधीहरू पत्ता लगाउन सकिने सुरक्षा तथा अनुसन्धान विज्ञहरू बताउँछन् । स्वतन्त्र रूपमा अनुसन्धान गर्न दिइएको खण्डमा नेपाल प्रहरीले राम्रो अनुसन्धान गर्न सक्ने अपराध अनुसन्धान विज्ञ नेपाल प्रहरीका पूर्व प्रहरी नायब महानिरीक्षक हेमन्त मल्लले बताए ।

'ठूला अपराधमा संलग्न व्यक्तिहरूका मुद्दा शक्ति केन्द्रसँग जोडिएका कारण कताकता हराउने गरेका छन्', मल्लले भने, 'संगठित अपराधमा एउटै केशले टुंगिदैन । यस्ता तस्करीमा ठूला ग्रुपहरू संलग्न हुने गरेका हुन्छन् । राजनीतिक रूपमा निकट भएका र शक्ति केन्द्रसँग जोडिएकाले प्रहरीको अनुसन्धानमाथि हस्तक्षेप हुने गरेको छ ।'

विदेशदेखि नाका बाहिर-भित्र गर्ने प्रयोजनमा नेपाली तस्करहरू संलग्न हुने र त्यस्तो कार्यमा संलग्न ठूला व्यापारीहरूले पनि थोरथोरै लगानी गर्ने गरेको मल्लको अनुभव छ । 'संगठित अपराधका विषय सामान्य अपराध जस्तो सजिलो पत्ता लाग्दैन', उनले भने, 'इन्भेस्टिगेसन (अनुसन्धान) निकै गाह्रो हुन्छ तर स्वतन्त्र रूपमा निरन्तर इन्भेस्टिगेसन गर्न सके त्यस्ता अपराधीहरू नेपाल प्रहरीले छिट्टै पत्ता लगाउन पनि सक्छ ।'

ठूला तस्करीमा धेरैजसो उही अनुहारहरू नै दोहोरिने गरेको उनको अनुभव छ । ३३ किलो, ८० किलो सुनसहितका काण्डमा त्यस्तै देखिएको उनले बताए । यस्ता घटनालाई राजस्व अनुसन्धानमा पठाउनेभन्दा सीआईबीकै अनुसन्धान आवश्यक रहेको मल्लको भनाइ छ ।

## संख्या ...

सहमत भई व्यावहारिक रूपमा पनि विधेयकमार्फत अघि बढेकाले व्यवसायीले चाहेअनुसारको निकास आउने बताए । उनले भने, 'यस विषयमा संघका तर्फबाट छलफल, भेटघाट र लबिङ पर्याप्त मात्रामा गरिएको छ ।'

केही व्यवसायीहरू भने संघको वर्तमान नेतृत्वले संख्या सयको समाधान गर्ने हो कि भनेर छटपटाइरहेका छन् । आफू नेतृत्वमा रहँदा अनेक हर्कत गर्ने त्यस्ता व्यवसायीको सानो झुण्ड संघको वर्तमान नेतृत्वलाई असफल बनाउन नेताहरूको ढोका चहारेर चुक्ली लगाउन हात धोएर लागेको पाइन्छ ।

त्यस्ता नेतागिरीहरूले केही ठूला म्यानपावरको इसारामा संख्या सयको समाधान हुन लागेको विषयलाई ऐनको आर्को दफासँग जोडेर उचालिरहेका छन् ।

**युएई र कुवेतमा रोजगार**

कम्पनी: Trueno Readymade Garments — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/१२/०७ — चलानी नं.: ६०२३४८७१ — L.T. No.: 320817

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SALES GIRL (FEMALE) | 0 | 20 | स. काममा दक्ष | 1200 | ४५,०९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: JET COMPANY TO DELIVER CONSUMER ORDERS — शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०८१/१२/०७ — चलानी नं.: ६०२३४८७० — L.T. No.: 320759

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SALES GIRL (FEMALE) | 0 | 5 | सम्बन्धित काममा दक्ष | 140 | ६२,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 24 | 0 | | 140 | ६२,७२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १५ गते (28 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | युएईको निशुल्क कुवेतको रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt Lic. NO. 647/063/064
SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Maharajgunj-04, Kathmandu, Kapan Marg
Phone : 01-4370530, 01-4370922, 01-4370457 / URL: www.sharonmanpower.com
Email: sharonhrsolution@gmail.com, Info@sharonmanpower.com
Mobile: 9851038901, 9803126395, 9851350582, 9801026390, 9746491713

### शुक्लाफाँटा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय

झलारी, कंचनपुर
सुदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(सूचना प्रकाशित मिति २०८१/१२/०८)

यस कार्यालयको आ.व २०८१/८२ अन्तर्गत तपसिल बमोजिमको खरिद कार्यका लागि मिति २०८१/११/२ गतेको राष्ट्रियस्तरको पत्रिकामा प्रकाशित सुची अनुसार न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएका बोलपत्र स्वीकृतका लागि छनौट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोहि ऐनको दफा २७ को उपदफा (२) र (३) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

| सिन | ठेक्का नं | खरिद कार्यको विवरण | छनौट भएका बोलपत्रदाताको विवरण | कबोल अंक (मु.अ.कर र पी. एस सहित) |
|---|---|---|---|---|
| 1. | SMP/081-82/NCB/CW/32 | Mesh wire fencing work in ward no 1 ganeshpur dhanadi khalla and ward no 8 of Shuklaphanta Municipality | M/S Shaptarishi Construction Shuklaphanta Municipality-10 | 37,99,779.33 |

### अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

प्रकाशित मिति : २०८१/१२/०८ गते

यस फर्म/कम्पनीले चाईना/इण्डिया बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा विक्री मूल्य निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपशिल

| सि. नं. | मालवस्तुको विवरण | आकार (mm) | ब्राण्ड | मोडल | औसत क्षमता | उत्पतिको मूलुक/राष्ट्र | ईकाई | प्रति ईकाई भ्याट बिनाको मूल्य रु. | अधिकतम खुद्रा विक्री मूल्य (भ्याट सहित) रु. | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AC-INVERTER | 780*285*188 | JN HITACHI FUJIAN | HF-12KA519WIV | 1 TON | CHINA | Pcs | 68,933.63 | 77,895.00 | |
| 2 | AC-INVERTER | 780*285*188 | HITECH | HAC-12KW357IV | 1 TON | CHINA | Pcs | 65,207.08 | 73,684.00 | |
| 3 | AC-INVERTER | 960*325*240 | JN HITACHI FUJIAN | HF-24KA519WIV | 2 TON | CHINA | Pcs | 102,468.14 | 115,789.00 | |
| 4 | AC-ON/OFF | 853*292*203 | JN HITACHI FUJIAN | HF-18BT627CH | 1.5 TON | CHINA | Pcs | 77,627.43 | 87,719.00 | |
| 5 | AC-ON/OFF | 853*292*203 | HITECH | HAC-18KU753YL | 1.5 TON | CHINA | Pcs | 75,143.36 | 84,912.00 | |
| 6 | AC-INVERTER | 880*300*190 | HITECH | HAC-18KW357IV | 1.5 TON | CHINA | Pcs | 87,563.72 | 98,947.00 | |
| 7 | AC-INVERTER | 880*300*190 | JN HITACHI FUJIAN | HF-18KA519WIV | 1.5 TON | CHINA | Pcs | 90,047.79 | 101,754.00 | |

जे.एन.एक्जीम प्रा.लि., सँतुगल, काठमाडौं — फोन नं.९८०१३१५७५० — स्थायी लेखा नं ३०२८६९३०३

**कुवेतमा रोजगार**

कम्पनी : NOOR ALSABAH CONSUMER DELIVERY COMPANY — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८०/०३/१७ — चलानी नं.: ६०२०४१६९ — LT. No.: 288862 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 9 | 0 | स. काममा दक्ष | 140 | ६२,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १५ गते (28 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निशुल्क |

H.M.T. Overseas Pvt. Ltd. — Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301
Mob.: 9842036587, 9823164783, 9808466028, 9803515104, 9866691140, 9827685565

**युएईमा रोजगार**

कम्पनी : TIRHAL EMPLOYMENT L.L.C — शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/१२/०७ — चलानी नं.: ६०२३४८७२ — LT. No.: 320737

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker/Labour | 35 | 0 | सम्बन्धित काममा दक्ष | 900 | ३३,८२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | CONCRETE MASON | 30 | 0 | | 1200 | ४५,०९६ | | | | | | | |
| 3. | Construction Carpenter | 35 | 0 | | 1200 | ४५,०९६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १५ गते (28 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

RADIANT OVERSEAS P. LTD. — Govt Lic. No. 1016/068/069
Bhimsengola _09, Jamunagalli, Kathmandu , Nepal | Tel: +977 1 - 4111196 / 4117963
Email: radiant.overseasktm@gmail.com

**SAUDI मा रोजगार**

कम्पनी: Saudi Landscape Contracting Company — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८१/१२/०७ — चलानी नं.: ६०२३४८६८ — LT. No.: 320753

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 6 | 0 | स. काममा दक्ष | 1000 | ३६,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: SAFIN DREAM CONTRACTING COMPANY — शहर: Riyadh
पूर्व स्वीकृत मिति: २०८०/१२/२५ — चलानी नं.: ६०२१८०६८ — L.T. No.: 303250 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bus Driver | 1 | 0 | स. काममा दक्ष | 1900 | ६९,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ चैत १५ गते (28 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्होर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्होर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्होर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्होर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्होर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्होर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्होर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि शुल्क |

diana overseas — डायना ओभरसिज प्रा. लि. — श्रम इजाजत पत्र नं :४०८/०६०/०६१
बालकुमारी, ललितपुर, फोन: ५१८६३८४, ५१८६३८५, ५१८६३२८, ५१८६४२९

### Government of Nepal (GoN)
### Ministry of Water Supply
### Department of Water Supply & Sewerage Management
## Federal Water Supply and Sewerage Management Project
Khotang

**INVITATION FOR BID**

**First Date of publication: 21/03/2025 (8/12/2081)**

1. ***Federal Water Supply and Sewerage Management Project, Khotang invite*** electronic bids from eligible bidders for the construction work under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

| S. N. | Contract ID No. | Name of Work | Cost of Bidding Document (NRs) | Bid Validity Period | Bid Security Amount(NRs) |
|---|---|---|---|---|---|
| 1 | Contract ID: 2/CR/NCB/2081-82/fwssmpkhotang | Construction of Champadevi 1, 2 & 3 Water Supply Project (Package 1) Okhaldhunga | NRs. 10,000 (a non-refundable fee) | 120 Days | NRs.4,500,000.00 |

2. Any conditions not covered shall be as per Public Procurement Act 2063 and Public Procurement Regulations 2064. Any amendments in tender notice shall be published in www.bolpatra.gov.np/egp.
3. Eligible bidders may obtain further information from the office of Federal Water Supply and Sewerage Management Project Khotang or may visit PPMO web portal www.bolpatra.gov.np/egp.

**Project Chief**

# गैंडाकोट नेपालकै उत्कृष्ट नगरपालिका

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, ७ चैत



पूर्वी नवलपरासीको गैंडाकोट उत्कृष्ट नगरपालिका घोषित भएको छ । नेपाल नगरपालिका संघको ३२ औं वार्षिकोत्सवको अवसरमा काठमाडौंमा बिहीबार आयोजित एक भव्य कार्यक्रममा गैंडाकोट नगरपालिकालाई सम्मान गरिएको हो । प्रधानमन्त्री केपी शर्मा (ओली)ले काठमाडौंको सोल्टी होटलमा आयोजित विशेष समारोहमा गैंडाकोट नगरपालिकालाई सम्मान पत्रले उत्कृष्ट नगरपालिकाको रुपमा सम्मान गर ।

गैंडाकोट नगरपालिका नगरप्रमुख मदनभक्त अधिकारी, उपप्रमुख शान्ति कोइराला र प्रमुख प्रशासकीय अधिकृत भविन्द्र खनालले संयुक्त रुपमा पुरस्कार ग्रहण गरेका नगरपालिकाले जनाएको छ । स्थानीय आर्थिक विकास र सुशासनको क्षेत्रमा प्रभावकारी रुपमा कार्यसम्पादन गरेको भन्दै गैंडाकोट नगरपालिकासहित ठाकुरद्धारा नगरपालिका बर्दिया, सिद्धार्थनगर नगरपालिका रुपन्देही, कलैया उपमहानगरपालिका बारा र मध्यपुर ठिमी नगरपालिका भक्तपुरलाई सम्मान गरिएको छ ।

गैंडाकोट नगरपालिकाका नगरप्रमुख मदनभक्त अधिकारीले नगरपालिकाले पाएको अवार्ड सबै नगरवासीहरुको अवार्ड भएको बताए । स्थानीय सरकारले नागरिकको मर्मअनुसार काम गरेकोले आज नगरपालिका पुरस्कृत भएको भन्दै उनले खुसी व्यक्त गरे । नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भविन्द्र खनालले नेपाल नगरपालिका संघले प्रदान गरेको उत्कृष्ट नगरपालिका पुरस्कारले आफुहरुमा उत्साह र चुनौती दुवै बढेको बताए । 'हामिलाई यो अवार्डले उत्साहित त बनाएको छ नै आगामी दिनमा यसलाई निरन्तरता दिनुपर्ने चुनौती समेत थपिएको छ,' खनालले भने, 'अब यस नगरपालिकालाई हामीले सुशासन, पारदर्शिता मुस्कानसहितको सेवा दिने नेपालको नमुना नगरपालिका बनाउँछौं ।'

# कृष्णनगर भन्सार नाकामा पटके सेवा

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, ७ चैत




कृष्णनगर भन्सार नाका हुँदै भित्रिने भारतीय नम्बर प्लेटका सवारी साधनलाई सुविधा दिन पटके सेवा सुरू भएको छ । यसअघि तौलिहवा वा बुटवल जानुपर्ने बाध्यता हटाउँदै भन्सार नाकामै पटके सेवा उपलब्ध गराइएको हो ।

यातायात व्यवस्था सेवा कार्यालय, तौलिहवाको मातहतमा कृष्णनगर भन्सार नाकामा स्थापित नयाँ एक्सटेन्सन शाखाबाट अब भारतीय पर्यटक तथा अन्य आगन्तुकहरूले सोझै सेवा पाउनेछन् । कार्यालय प्रमुख गोबिन्द चौधरीका अनुसार, यस सेवाले सीमा व्यापार तथा पर्यटन प्रवर्द्धनमा सहयोग पुग्नेछ ।

पूर्वसांसद अभिषेक प्रताप शाहले पटके कार्यालय नाकामै खुल्दा स्थानीय व्यापार, कृष्णनगर बजार, र नेपालका धार्मिक स्थलहरूमा चहलपहल बढ्ने विश्वास व्यक्त गरे । उद्योग वाणिज्य संघ, कृष्णनगरका अध्यक्ष रितेश शर्माले पटके शुल्क केही महंगो भएको भन्दै सम्बन्धित निकायसँग शुल्क समायोजनको माग समेत गरेका छन् । बिहीबारबाट औपचारिक रूपमा सञ्चालनमा आएको यो सेवा पुरानो नगरपालिका भवनमा यातायात व्यवस्था सेवा कार्यालयको एक्सटेन्सन शाखा स्थापना गरेर सुरू गरिएको हो । यसले भारतीय गाडीमार्फत नेपाल भ्रमण गर्ने पर्यटकको संख्यामा वृद्धि हुने अनुमान गरिएको छ ।


## साउदीमा रोजगार

कम्पनी: FUGRO SUHAIMI CO LTD — शहर: DAMMAM
पूर्व स्वीकृत मिति: २०८१/१२/०५ — चलानी नं.: ६०२३४८४३ — L.T. No.: 320532

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Drilling Machine Labor | 1 | 0 | स. काममा दक्ष | 3800 | १३९,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: Anwar Mushafir Trading Establishment — शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/१२/०७ — चलानी नं.: ६०२३४८६० — L.T. No.: 320748

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook General | 1 | 0 | स. काममा दक्ष | 1500 | ५५,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १५ गते (28 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**यूनिक ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ९४/०५३/०५४
विशालनगर-५, काठमाडौं, नेपाल, फोन: ४५२३६३७, फ्याक्स: ४४१९०४९
Website: www.uniqueos.com | Email: info@uniqueos.com

## QATAR मा वैदेशिक रोजगारको अवसर

WALDORF ASTORIA LUSAIL
कम्पनी: WALDORF ASTORIA LUSAIL — शहर: DOHA
पूर्व स्वीकृत मिति: २०८०/१०/२३ — चलानी नं.: ६०२१४४३४ — LT. No.: 299447 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Service | 3 | 8 | स. काममा दक्ष | 1600 | ६०,५७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १५ गते (28 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**THINK BIZ INTERNATIONAL PVT. LTD.**
ThinkBiz — Govt. Lic. No. 1608/079/080
Subhidhanagar Marg, Tinkune, Kathmandu, Nepal
www.thinkbiz.com.np | cv@thinkbiz.com.np | 01- 5914635

## युएईमा रोजगार

कम्पनी: BIN THANI MAINTENANCE & GENERAL SERVICES ESTABLISHMENT — शहर: ABU DHABI
पूर्व स्वीकृत मिति: २०८१/१२/०७ — चलानी नं.: ६०२३४८३८ — L.T. No.: 320685

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helpers (Steel/Fabrication) | 60 | 0 | स. काममा दक्ष | 800 | ३०,०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १५ गते (28 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Rightway Enterprises Pvt. Ltd.**
Govt.Lic.No.: 517/061/062
Aaloknagar Minbhawan-31, Kathmandu, Nepal
Tel : 01-4106275,4106276
Mob: 9808079942

## साउदीमा रोजगार

कम्पनी: SHALFA FACILITIES MANAGEMENT COMPANY — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१२/०७ — चलानी नं.: ६०२३४८५१ — L.T. No.: 320593

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facilities Cleaning Worker | 100 | 0 | स. काममा दक्ष | 1000 | ३६,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १५ गते (28 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Al Shahid Overseas Pvt. Ltd.**
Gov. Lic. No. 1329/074/75
Banshidhar Marg-04,Chandol, Kathmandu, Nepal, Tel: 01-4514440

## साउदीमा रोजगार

कम्पनी : THAHFA AL HAJAR FOR CONTACTING — शहर : RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१२/०७ — चलानी नं.: ६०२३४८५३ — L.T. No.: 320734

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३६,८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८१ चैत १५ गते (28 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Elmira Manpower Service Pvt. Ltd.**
License No.: 1067/073/074
P .Box: 9883, Basundhara, Kathmandu, Nepal, Tel: 01-4963814, 590815, 977- 9851068108, 9851188820
Email: info@elmiramanpower.com, Web.: www.elmiramanpower.com

## कुवेतमा रोजगार

कम्पनी: ALNAYRAH COMPANY FOR DELIVERY OF CONSUMERS ORDERS — शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/१२/०७ — चलानी नं.: ६०२३४८४९ — LT. No.: 320727

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 20 | 0 | स. काममा दक्ष | 140 | ६२,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ चैत १५ गते (28 March 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AAYUSH OVERSEAS PVT. LTD.**
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01- 5918559
Email: aayushoverseas123@gmail.com | Web: www.aayushoverseas.com.np


**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**

## दावी विरोध सम्बन्धी सूचना

प्रकाशित मिति: २०८१/१२/०८

यस विभागबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजतपत्र प्राप्त संस्था श्री **Sunkoshi Manpower Service Pvt. Ltd.** (इ.प.नं. ६९/०५२/५३) को **साविकको ठेगाना झापा जिल्ला भद्रपुर नगरपालिका वडा नं. ३ परिवर्तन गरी झापा जिल्ला विर्तामोड नगरपालिका वडा नं. ४** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## एनएमबि बैंक लिमिटेड

बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०

**हकदाबी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**

प्रकाशित मिति: २०८१/१२/०८

यस बैंकका निक्षेपकर्ता श्री कृष्ण लाल सुबेदीको नातिनी, श्री छबि रमन सुबेदीको छोरी झापा जिल्ला, बिर्तामोड नगरपालिका वडा नं. ०४ घर भई हाल झापा जिल्ला, बिर्तामोड नगरपालिका वडा नं. ०४ बस्ने वर्ष ६१ को श्री मन्दा उप्रेती (ना.प्र.नं.२०६० जारी मिति २३।१२।२०३९, जारी जिल्ला पाँचथर) को मिति २०८१/०८/२९ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनि निजको एकाघरको छोरा दिपक प्रकाश उप्रेती ले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदाबी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदाबी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकका छोरा दिपक प्रकाश उप्रेतीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# चम्पादेवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कालिका, ओखलढुंगा
कोशी प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१/१२/०८)

चम्पादेवी गाउँपालिकाको कार्यालय कालिका ओखलढुंगामा मिति २०८१/१०/२२ गते पहिलो पटक तपसिल बमोजिमका कार्य सम्बन्धी (e-Bid) बोलपत्र मार्फत आह्वान बारे सूचना प्रकाशित भए बमोजिम पेश भएका बोलपत्रहरु मध्ये तपशिलको बोलपत्र दाता न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकाले स्वीकृतिको लागि छनौट गरी सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मू.अ. कर बाहेक) |
|---|---|---|---|---|
| 1 | CDRM/OKH/WORKS/NCB/09/2081/082) | Okhaldhunga Jilla Raniban 10 Champadevi Gaupalika Pokharibhanjynang Thapatole Sadak Istarunnati | Shree Manawati Construction Pvt.Ltd., Manthali-01, Ramechhamp | Nrs. 27,44,454.64 |

**प्रमुख प्रशासकीय अधिकृत**

# Bhotekoshi Rural Municipality
# Office of Rural Municipal Executive

Fulpingkatti, Sindhupalchok

## Intention to Award

**Date: 2081/12/08**

Pursuant to Clause 27(2) of Public Procurement Act 2063 and ITB 39.1 of bidding document, this is to notify all that the following minimum evaluated substantially responsive bidders have been selected to award the following contracts as per the Invitation for Bids Published on *www.bolpatra.gov.np/egp* and 'Annapurna Post National Daily dated 2081/10/06 .

| SN | Contract No | Name of Work | Name and Address of Bidder | Bid Price (Including VAT & PS) |
|---|---|---|---|---|
| 1. | BRM/W/NCB/081/082-07 | Rivertraining Works At Bokcheng Bailey Bridge, Bhotekoshi RM-2, 3, Sindhupalchok | PB-MNS-joint Venture Gothatar | NRs. 1,36,11,380.69 |

***Chief Administrative Officer***

# धनगढीमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

धनगढी, सिरहा
मधेश प्रदेश, नेपाल

## बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८१/१२/०८**

यस कार्यालयको आ.व.२०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रमहरु अन्तर्गत बजेटबाट तपशिलमा उल्लेखित नेपाली रुपैया बराबरको कार्यहरु बोलपत्रको E-GP माध्यमद्वारा आह्वान भएको छ । योग्य सम्बन्धित निर्माण व्यवसायीबाट रितपुर्वक बोलपत्र खरिद गरी E-bid मार्फत प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नको लागि अनुरोध छ । सूचना dhangadhimaimun.gov.np मा पनि हेर्न/डाउनलोड गर्न सकिनेछ ।

- बोलपत्र खरिद राजश्व, यस आह्वान अवधी भित्र बोलपत्रको ने.रु.१०,०००/- राजश्व तिरि खरिद गर्न सकिने छ ।
- राजश्व बुझाउने

| बैंक | खाता नं. | कार्यालय कोड | कार्यालय |
|---|---|---|---|
| कुमारी बैंक ली. शाखा कार्यालय धनगढी, सिरहा । | ग-११ आन्तरिक राजश्व खाता २६४०२४७७०२८००००१ | ८०२१६४०४३०० | धनगढीमाई नगरपालिका धनगढी, सिरहा । |

नगद बैंक ग्यारेण्टीको लागि कार्यालय कोड उल्लेख गरि धरौटी खाता नं. ग-३,२६४०२४७७०२८०००१२

- बोलपत्र बुझाउने अन्तिम मिति र समय २०८२।०१।०७ गते दिनको १२:०० बजे सम्म
- बोलपत्र खोल्ने मिति र समय २०८२।०१।०७ गते दिनको २:०० बजे
- म्याद भित्र दर्ता भएका बोलपत्रहरु यस धनगढीमाई नगरपालिका हाता भित्र खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुउपस्थितिमा समेत बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
- यस सूचनामा उल्लेखित भएकोमा सोही बमोजिम अन्य विषयको हकमा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधित सहित) सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।
- स्वीकृत ढाँचाको निवेदन, उद्योग दर्ता प्रमाणपत्र, निर्माण व्यवसायी ईजाजत पत्रको प्रतिलिपि, भ्याट दर्ता प्रमाणपत्र, नियमानुसार कर चुक्ता गरेको प्रमाणपत्र कुनै अभियोग नलागेको स्व-घोषणा पत्र, पाँचवटा ठेक्का सम्झौता नभएको स्व-घोषणा पत्र, पावर अफ अर्टोनी पत्र अनिवार्य बोलपत्र आह्वान अवधी भित्रको समयमा सहिछाप गरि पेश गर्नुपर्ने छ ।
- दररेट पेश गर्दा अस्वभाविक दररेटमा र फ्रन्ट लौडिङग नहुने गरी पेश गर्नुपर्ने छ । समितिले मल्यांकन गर्दा उक्त अवस्था भएको ठहर गरेमा नियमानुसार थप कार्य सम्पादन जमानत जफत हुनेछ ।
- बोलपत्रमा कुनैपनि फेरबदल, संशोधन वा बोलपत्र रद्ध गर्नु परेमा उक्त अधिकार कार्यालयलाई सुरक्षित रहनेछ ।
- फोटोकपी कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गरेर पेश गर्नु पर्नेछ ।

| S.N. | Construction ID No. | Brief Description of Work | Amount with Contingency, VAT & PS | Bid Security | Turn Over Cost Nrs. | Similar Size Cost Nrs. |
|---|---|---|---|---|---|---|
| 1. | DH/NCB/W/01/2081/082 | मातपोत भवन निर्माण | 5,69,40,699.74/- | 14,23,000/- | 6,14,51,217/- | 2,45,80,487/- |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

# स्ववियु सन्देश : अर्को अलार्म

राजनीतिक दलका विद्यार्थी संगठनहरूको दबदबा रहँदै आएको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु)मा यस पटक उल्लेख्य संख्यामा गैरदलीय उम्मेदवारहरूले जितेका छन् । राजधानी उपत्यकामै रहेको पुल्चोक इन्जिनियरिङ क्याम्पसमा गैरदलीय उम्मेदवार स्ववियु सभापति निर्वाचित भए । राजधानीबाहिर केन्द्रीय प्रविधि क्याम्पस धरान, चितवन इन्जिनियरिङ क्याम्पस र पश्चिमाञ्चल इन्जिनियरिङ क्याम्पस पोखरामा स्वतन्त्र उम्मेदवार सभापति निर्वाचित भएका छन् । संख्याका हिसाबले यो धेरै होइन तर त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसको चुनावमा आएको यो नतिजा चानचुने पनि होइन किनभने यी स्वतन्त्र उम्मेदवारहरूले बलिया राजनीतिक दलहरूको विरासत तोडेका हुन् । समाजका हरेक संस्थासम्म पुगेका दलहरूको बलियो संगठनात्मक संरचनासँग जोडिने दलहरूको संस्थालाई हराएर व्यक्तिले जित्नु पक्कै चर्चाको विषय हो ।

गैरदलीय उम्मेदवारहरूले आंगिक क्याम्पस जितेपछि दलहरूभित्र ठूलै तरंग गएको छ । विशेषतः नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा (माओवादी केन्द्र) जस्ता ठूला शक्तिहरूभित्र यस्तो नतिजा समीक्षाको विषय बनेको देखिन्छ । गैरदलीय उम्मेदवारसँग आफ्ना उम्मेदवार पराजित हुनु निःसन्देह दलहरूभित्र समीक्षाको विषय हो । अझ क्याम्पसहरूमा विद्यार्थी राजनीतिको इतिहास केलाउँदा यो गम्भीर समीक्षाको विषय हो । नेताहरूले यस्तो नतिजालाई प्राविधिक नतिजा अथवा संयोग भनेर पन्छिनु गल्ती हुने छ । स्नातक तह र सोभन्दा माथिल्लो तहमा अध्ययन गर्ने विद्यार्थीहरूले यो चुनावमा भाग लिएकाले यो नतिजालाई संयोग भन्दा पनि वर्तमान परिस्थितिको उपज मान्नु मनासिब हुन्छ । विगतमा पञ्चायत अथवा राजतन्त्रकालीन व्यवस्थाविरुद्ध विद्यार्थीहरूले परिवर्तनको आवाज उठाएका थिए । तसर्थ, नतिजा पनि दलका विद्यार्थी संगठनहरूकै पक्षमा आउँथ्यो ।

अहिले दल र तिनका नेतृत्वप्रति वितृष्णा देखिन्छ । राजनीतिप्रति असन्तुष्ट तिनै जनता पूर्वराजा ज्ञानेन्द्र शाहप्रति आकर्षित हुन थालेका तथ्य लुकाउन सकिँदैन । २५ फागुनको राजावादी गतिविधिलाई मुख्य दलहरूले गम्भीर रूपमै लिएको देखिन्छ । त्यस्ता स्ववियुमा समेत गैरदलीय उम्मेदवार उल्लेख्य संख्यामा निर्वाचित भएका छन् । यो नतिजालाई गत आमनिर्वाचनकै शृंखलासँग जोडेर हेर्नुपर्छ । आमनिर्वाचनमा अप्रत्यासित मत पाएर केही नयाँ राजनीतिक शक्तिहरू उदाएका छन् । र, स्ववियुमा गैरदलीय उम्मेदवार निर्वाचित हुनुलाई अलग-अलग विश्लेषण गर्न हुन्न बरू मिनी मध्यावधिसमेत मानिने स्ववियुको नतिजालाई दल र तिनका नेतृत्वले गम्भीर रूपले हेर्नुपर्छ ।

# अमेरिका-चीन व्यापारयुद्ध र भारत

*अमेरिका र चीनबीच चलिरहेको व्यापारयुद्ध भारतका लागि निर्यात बढाउने एउटा ठूलो अवसरका रूपमा देखिँदै आएको छ । यो अवसरको फाइदा उठाएर भारतले अमेरिका र चीन दुवै देशमा रसायन तथा ग्रेनाइटसहित ३५० उत्पादन निर्यात गर्न थालेको देखिन्छ...*

अग्रलेख




● डा. सुमनकुमार रेग्मी

३१ जुलाई २०१८ देखि जारी अमेरिका-चीन व्यापारयुद्धको अन्त्यको उपाय निकाल्न चिनियाँ र अमेरिकी व्यापार मध्यस्थकर्ताको वार्ता पटक-पटक हुँदै आएको छ । तर, वार्ता निर्णायक हुन सकिरहेको छैन । व्यापारमा समस्या देखिएको भन्दै पटक-पटक अमेरिका र चीनले धेरै रकमका सामानमा कर वृद्धिमा होडबाजी चल्दै आएको छ ।

अमेरिकाले चिनियाँ सामानको निर्बाध र खुकुलो प्रवेशका कारण व्यापार असन्तुलन चरम अवस्थामा पुगेको तथा अमेरिकी प्रविधि चीनले चोरेको अमेरिकाले आरोप लगाउँदै आएको छ । चीन सरकारले अमेरिकी कृषिजन्य उत्पादन खरिद गर्ने प्रतिबद्धता जनाएको तर महिनौंदेखि कतिपय सामान नकिनेको अमेरिकी आरोप रहँदै आएको छ ।

भनिन्छ कि चीनसँगको समस्या नै विश्वासघात हो । अमेरिकाले सुरुदेखि नै तनावमा रहेको वार्तालाई सहजीकरण गर्न सहयोग नगरेको बताइन्छ ।

अमेरिकाले विश्व व्यापार संगठनमा चीनले पाइरहेको विकासशील देशको दर्जा हटाउने भन्दै आएको छ । ६ वर्षअघि २०१९ सेप्टेम्बरमा आएर अमेरिकाले चुनाव अगाडि चीनसँग व्यापार सम्झौता गर्न सक्ने बताइएको थियो । चुनावलगत्तै चीनसँग व्यापार सम्झौता गरिन सकिने भनिएको थियो । यस किसिमको सम्झौता योभन्दा पहिले कहिल्यै नभएको आँकलन गरिएको थियो ।



अमेरिका र चीनबीच हुँदै आएका वार्तामा विश्वका २ ठूला अर्थतन्त्रबीच सन् २०१८ पछि चलिरहेको व्यापारयुद्ध अन्त्य गर्ने नै हुने छ । यद्यपि, व्यापारयुद्ध सन् २०२५ सम्म आउँदा पनि अमेरिकी राष्ट्रपतिको दोस्रो कालमा पनि झन् हल हुने देखिँदैन । अमेरिकाका आर्थिक नीतिहरूले व्यापारयुद्ध समाधान हुने देखिँदैन ।

अमेरिका र चीनबीचको व्यापार वार्ता २०१८ जनवरीदेखि २०२५ सम्म पनि पटक-पटक हुँदै आएको छ । यस्तो वार्ता कहिले अमेरिका र कहिले चीनमा हुँदै आएको छ । यस्तो वार्तामा बौद्धिक सम्पत्ति, जबरजस्ती प्रविधि हस्तान्तरण, कृषि, सेवा, खरिद र कानुन कार्यान्वयनलगायत विषयमा छलफल हुँदै आएको छ ।

तर, हरेक पटकका व्यापार वार्तापछि विवाद घटाउनेभन्दा दुवै देशले कर बढाउने घोषणा गर्दै आएका छन् । अमेरिकी प्रविधि चीनले चोरेको, बौद्धिक सम्पत्तिको संरक्षण गर्न नसकेको, चिनियाँ बजार विदेशी कम्पनीका लागि खुल्ला नगरेकोलगायतका आरोप अमेरिकाले चीनलाई लगाउँदै आएको छ ।

११ मे २०१९ तिर अमेरिकाले २५ प्रतिशतका दरले २०० अर्ब डलरका सामानमा कर बढाएकाले विश्वका यी २ ठूला अर्थतन्त्रले विश्वमा नै हलचल मच्चाएका थिए । यसले विश्वमा तनाव ल्याएको थियो । यसले तेल खपत देशलाई पनि असर पार्दै आएको थियो । तर, पछि सन् २०२५ आउँदा अमेरिकाले अरूभन्दा बढी चीनप्रति ३० प्रतिशतको कर लगाउने तयारी गरेको छ ।

चीन र अमेरिका बौद्धिक सम्पत्ति र प्रविधिका मुद्दाहरूमा वास्तविक व्यापार वार्ताको खोजीमा देखिन्छन् । अमेरिकाको माग सबै सम्बोधन

> अमेरिका र चीनबीचको व्यापार वार्ता २०१८ जनवरीदेखि २०२५ सम्म पनि पटक-पटक हुँदै आएको छ । यस्तो वार्ता कहिले अमेरिका र कहिले चीनमा हुँदै आएको छ । तर, हरेक पटकका व्यापार वार्तापछि विवाद घटाउनेभन्दा दुवै देशले कर बढाउने घोषणा गर्दै आएका छन्...

हुनेगरी अमेरिका र चीन व्यापार हुन नसक्ने स्वयं केही अमेरिकी नै बताउँछन् । अमेरिकाले डलर २५० अर्बका सामानमा १ अक्टोबर २०१९ देखि बढाउने भनेको कर केही समयका लागि रोकिएको भनिएको थियो ।

चीनले अमेरिकासँग आफू लामो अवधिका लागि व्यापारयुद्ध लड्नका लागि तयार भएको जनाउँदै आएको छ । चीनले प्राकृतिक स्रोतलाई अमेरिकाविरुद्ध हतियारका रूपमा प्रयोग गर्न सक्ने भन्दै आएको छ । १७ वटा तत्वका रेयर अर्थका सम्मिश्रणको पदार्थ स्मार्टफोन, हस्पिटल स्क्यानर, परमाणु ऊर्जा स्टेसन र एलईडी लाइटका लागि प्रयोग हुँदै आएको थियो ।

अमेरिकामा आयात हुने रेयर अर्थमा सन् २०१४ देखि २०१७ सम्मको अवधिमा चीनको हिस्सा ८० प्रतिशत थियो । चीनले यस्ता खनिजका विक्रीमा प्रतिबन्ध लगाउने भनाइ राख्दै आएको थियो । त्यसैअनुरूप अमेरिकाले पनि यसको विकल्पका रूपमा तयार रहेको जनाउँदै आएको थियो ।

अमेरिकाले चिनियाँ हुवावे कम्पनीमाथि अमेरिकी कम्पनीबाट पार्ट्स र प्रविधि खरिद गर्न रोक लगाएपछि रेयर अर्थलाई हतियारका रूपमा प्रयोग गर्ने विचार चर्चामा आएको थियो । चीनको रणनीतिक स्रोत भएका कारण प्रस्तावित नीतिको रेयर अर्थको प्रयोग र प्रबर्द्धनमा विशेष जोड र मूल्य राख्ने बताउँदै आएको देखिन्छ ।

चीन र अमेरिका हरेक पटकका वार्तामा सम्मान र समानताका आधारमा आर्थिक तथा व्यापार विवादमा परामर्शद्वारा ताजगी ल्याउन चाहन्छन् । व्यापार युद्धपश्चात् चीन र अमेरिकाबीच १२ चरणभन्दा बढी वार्ता भइसकेका छन् । ५ वर्षभन्दा बढीको अमेरिका र चीनबीचको व्यापारयुद्ध जी १९ का समूहमा राख्दा वा अन्तर्राष्ट्रियकरण गर्दा पनि समाधान भएको छैन ।

जारी अमेरिका तथा चीन व्यापारयुद्ध अन्त्य गर्नका लागि सम्भावित उपाय निकाल्न २ देशबीच पटक-पटक भएका बैठक रचनात्मक भनिँदै आएको छ । व्यापारमा समस्या देखिएको भन्दै अमेरिका र चीनबीच एकआपसमा एकअर्काको खर्बौं डलर बराबरका सामानमा कर वृद्धि गरिँदै आएको छ । अमेरिकाले चिनियाँ सामानको निर्बाध र खुकुलो प्रवेशका कारण व्यापार सन्तुलन चरम अवस्थामा पुगेको तथा अमेरिका प्रविधि चीनले चोरी गरेको आरोप लाग्दै आएको छ ।

अमेरिका र चीनबीच चलिरहेको व्यापारयुद्ध भारतका लागि निर्यात बढाउने एउटा ठूलो अवसरका रूपमा देखिँदै आएको छ । यो अवसरको फाइदा उठाएर भारतले अमेरिका र चीन दुवै देशमा रसायन तथा ग्रेनाइटसहित ३५० उत्पादन निर्यात गर्न थालेको देखिन्छ ।


अमेरिका र चीनबीच व्यापारयुद्ध भइरहेको अवस्थामा भारतले यी २ देशमा निर्यात गर्न सक्ने वस्तुका पहिचान भारतले गरेको देखियो । अमेरिका र चीन दुवै देशले एकअर्काको उत्पादनमा ठूलो परिमाणमा आयात शुल्क लगाउँदै आएका थिए ।

व्यापारयुद्धलाई भारतका लागि अमेरिका तथा चीनमा निर्यात बढाउने ठूलो अवसर लिइँदै आएको छ । डिजेल, एक्स रे, टचुब तथा केही रसायनसहित १५१ उत्पादनलाई भारतले चीनमा निर्यात गर्न सक्ने भनिएको छ । पहिले चीनले यी वस्तुहरू अमेरिकाबाट आयात गर्दै आएको थियो ।

अमेरिकाले केही वस्तुहरू व्यापारयुद्ध अगाडि चीनबाट आयात गर्दै आएकामा युद्ध दौरान अमेरिकाले यस्ता वस्तु भारतबाट आयात गर्दै आएको थियो । अमेरिका र चीनबीचको व्यापारयुद्धले भारतलाई फाइदा भइरहेको थियो ।

## इतिहासमा आज

२१ मार्च १९२३ मा अमेरिकी विदेशमन्त्री चार्ल्स ह्युजेसले सोभियत संघको मान्यता अस्वीकार गरे ।



२१ मार्च १९३५ मा फारसले आधिकारिक रूपमा इरानको नाम परिवर्तन गऱ्यो ।




२१ मार्च १८९० मा अस्ट्रियाली यहुदी समुदायहरूलाई कानुनद्वारा परिभाषित गरिएको थियो ।



२१ मार्च १३४९ मा जर्मनीको एरफर्टमा भएको ब्ल्याक डेथ दंगामा ३ हजारभन्दा बढी यहुदीहरू मारिएका थिए ।



# अर्थतन्त्रको विकासमा पुँजी बजार

विचार



● जगत्जंग जीसी

> यदि सरकारले सही नीति अवलम्बन गऱ्यो भने नेपालमा पुँजी बजारलाई अर्थतन्त्रको मुख्य स्रोतका रूपमा विकास गर्न सकिन्छ । पुँजी बजारको वृद्धि भनेको शेयर कारोबारको वृद्धि मात्र होइन, यो देशको समग्र वित्तीय स्थायित्वसँग जोडिएको विषय हो...

पुँजी बजार कुनै पनि देशको आर्थिक विकासमा महत्त्वपूर्ण स्तम्भको रूपमा रहन्छ । यो लगानीकर्ताहरूलाई दीर्घकालीन रूपमा सम्पत्ति वृद्धि गर्ने अवसर प्रदान गर्नुका साथै उद्यमी तथा व्यवसायीहरूलाई आवश्यक पुँजी संकलन गर्न मदत गर्ने एउटा प्रमुख माध्यम हो ।

विशेषगरी विकासशील अर्थतन्त्रहरूमा पुँजी बजारको उचित विकासले वित्तीय स्थायित्व, रोजगारी सिर्जना तथा औद्योगिक वृद्धिमा ठूलो योगदान दिन्छ । नेपाल जस्तो देशमा, जहाँ परम्परागत बैंकिङ प्रणालीले मात्र सम्पूर्ण आर्थिक गतिविधि सम्हाल्न सक्दैन, पुँजी बजार एक वैकल्पिक स्रोतका रूपमा देखापरेको छ । बैंक तथा वित्तीय संस्थाहरूको सीमित कर्जाको पहुँचका कारण धेरै उद्यमीहरूले आफ्नो व्यवसाय विस्तार गर्न सकिरहेका छैनन् । पुँजी बजारले यस्तो समस्याको समाधान गर्दै दीर्घकालीन रूपमा कम्पनीहरूलाई वित्तीय सहायता उपलब्ध गराउने काम गर्छ ।

जब कुनै कम्पनी शेयर बजारमा सूचीबद्ध हुन्छ, तब त्यसले सार्वजनिक रूपमा पुँजी संकलन गर्न सक्छ, जसले व्यवसायको विस्तार तथा आर्थिक वृद्धिमा सकारात्मक असर पार्छ ।

पुँजी बजारको प्रभावकारी संचालनले मात्र कुनै देशको समग्र अर्थतन्त्रलाई सुदृढ बनाउन सक्छ । पुँजी बजारका माध्यमबाट विभिन्न कम्पनीहरूले आफ्नो उत्पादन तथा सेवा विस्तार गर्न पुँजी जुटाउने मौका पाउँछन् । जब उद्योग तथा व्यवसायहरू विस्तार हुन्छन्, तब त्यसले रोजगारी सिर्जना गर्छ, जसले आर्थिक गतिशीलता बढाउँछ ।

उदाहरणका लागि, ठूला उत्पादनमूलक उद्योगहरू, सूचना प्रविधि कम्पनीहरू तथा पूर्वाधार विकासमा संलग्न व्यवसायहरूले पुँजी बजारबाट प्राप्त रकम प्रयोग गरी आफ्नो कार्यक्षेत्र विस्तार गर्दा धेरै मानिसहरूलाई रोजगारीको अवसर प्राप्त हुन्छ ।

नेपालको पुँजी बजार अझै विकासोन्मुख अवस्थामा छ । नेपाल स्टक एक्सचेञ्ज नेपालको एक मात्र शेयर बजार हो, जहाँ विभिन्न कम्पनीहरूले आफ्नो शेयर कारोबार गर्छन् । यसको नियमन नेपाल धितोपत्र बोर्डले गर्छ ।

नेपालमा पुँजी बजारको पहुँच अझै सीमित छ र धेरै कम्पनीहरू स्टक एक्सचेञ्जमा सूचीकृत हुने प्रक्रियामा ढिलाइ गर्छन् । नेपालमा सूचीबद्ध कम्पनीहरूको संख्या अन्तर्राष्ट्रिय मापदण्डअनुसार निकै कम छ, जसले गर्दा लगानीकर्ताहरूका लागि सीमित विकल्प मात्र उपलब्ध छन् । पुँजी बजारमा विदेशी लगानी भित्र्याउन सकेमा नेपालको अर्थतन्त्रलाई थप बलियो बनाउन सकिन्छ । तर, विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्नका लागि कानुनी ढाँचा स्पष्ट हुनु आवश्यक छ । हाल नेपालमा विदेशी लगानीकर्ताहरूले प्रत्यक्ष रूपमा शेयर बजारमा प्रवेश गर्न सहज छैन, जसले गर्दा पुँजी बजारको वृद्धिमा अवरोध पुगेको छ ।

यदि सरकारले नीतिगत सुधार गर्दै विदेशी लगानीकर्ताहरूलाई आकर्षित गर्ने वातावरण तयार पार्न सकेमा, पुँजी बजारको विस्तार तीव्र गतिमा हुन सक्छ ।

नेपालमा पुँजी बजार अझै परिपक्व नभएकाले यसलाई व्यवस्थित गर्न विभिन्न सुधार आवश्यक देखिन्छ । पहिलो, प्रविधिगत सुधार अनिवार्य छ । अनलाइन ट्रेडिङ प्रणालीलाई थप प्रभावकारी बनाउन सकेमा धेरै लगानीकर्ताहरू बजारमा आकर्षित हुन सक्छन् । दोस्रो, वित्तीय साक्षरता अभाव एक प्रमुख चुनौती हो । धेरैजसो सर्वसाधारणलाई शेयर बजार तथा लगानीसम्बन्धी आधारभूत ज्ञानसमेत छैन, जसले गर्दा सीमित व्यक्तिहरू पुँजी बजारमा संलग्न छन् । यदि सरकारले तथा सम्बन्धित निकायहरूले वित्तीय साक्षरताका कार्यक्रमहरू संचालन गरेमा बजारमा सहभागीहरूको संख्या बढ्ने छ ।

नियामकीय सुधारको पनि आवश्यकता देखिन्छ । नेपालमा पुँजी बजारलाई पारदर्शी र विश्वासिलो बनाउन नियामक संस्थाहरूलाई थप सक्रिय बनाउनुपर्छ । अवैध कारोबार, सूचनाको अपारदर्शिता तथा शेयर मूल्यमा अनावश्यक हेरफेर जस्ता समस्याहरू पुँजी बजारको स्थिरताका लागि खतरा हुन् ।

यदि नियमन प्रभावकारी रूपमा लागू गरियो भने पुँजी बजारप्रति लगानीकर्ताहरूको विश्वास बढ्ने छ, जसले दीर्घकालीन रूपमा बजारको विकासलाई बल पुऱ्याउने छ ।

नेपालको अर्थतन्त्रलाई सबल बनाउन पुँजी बजारलाई अझ व्यापक बनाउन आवश्यक छ । शेयर बजारबाहेक अन्य वित्तीय साधनहरू जस्तै : बन्ड, डेरिभेटिभ्स तथा म्युचुअल फन्डहरूको प्रवर्द्धन गर्नु जरुरी छ । विश्वव्यापी रूपमा हेर्दा, विकसित अर्थतन्त्रहरूमा शेयर बजार मात्र नभई अन्य वित्तीय साधनहरू पनि व्यापक रूपमा प्रयोग गरिन्छ । नेपालमा यी वित्तीय साधनहरूको विकासले लगानीकर्ताहरूलाई विविधीकरणको अवसर दिने छ, जसले समग्र पुँजी बजारलाई थप परिपक्व बनाउने छ ।

यदि सरकारले सही नीति अवलम्बन गऱ्यो भने, नेपालमा पुँजी बजारलाई अर्थतन्त्रको मुख्य स्रोतका रूपमा विकास गर्न सकिन्छ । पुँजी बजारको वृद्धि भनेको शेयर कारोबारको वृद्धि मात्र होइन, यो देशको समग्र वित्तीय स्थायित्वसँग जोडिएको विषय हो । जब पुँजी बजार बलियो हुन्छ, तब बैंक तथा वित्तीय संस्थाहरू पनि स्थिर रहन्छन्, जसले अर्थतन्त्रमा दीर्घकालीन प्रभाव पार्छ ।

नेपालले कृषि, पर्यटन, जलविद्युत् तथा सूचना प्रविधि जस्ता क्षेत्रहरूमा पुँजी बजारको प्रभावकारी उपयोग गर्न सक्ने सम्भावना छ । यी क्षेत्रहरूमा लगानी भित्र्याउन पुँजी बजारलाई प्रभावकारी रूपमा प्रयोग गर्न सकियो भने नेपालको समग्र आर्थिक वृद्धिमा उल्लेखनीय योगदान दिन सकिन्छ ।

अन्ततः पुँजी बजारको प्रभावकारी संचालन, प्रविधिगत सुधार, वित्तीय साक्षरता अभिवृद्धि तथा पारदर्शी नीति अवलम्बन गर्न सकेमा नेपालको अर्थतन्त्रलाई दिगो रूपमा विकास गर्न सकिन्छ । पुँजी बजारलाई बलियो बनाउन सरकार, नियामक निकाय तथा निजी क्षेत्रको संयुक्त प्रयास आवश्यक पर्छ ।

यदि यी पक्षहरूलाई व्यवस्थित गर्न सकियो भने, नेपालमा पुँजी बजारले अर्थतन्त्रको मेरुदण्डको रूपमा कार्य गर्न सक्ने छ, जसले दीर्घकालीन रूपमा समृद्धि र आर्थिक स्थायित्व सुनिश्चित गर्ने छ ।

## सामाजिक सञ्जाल



प्रेमकान्त अधिकारी

असंलग्न परराष्ट्र नीति अँगालेको नेपाल शक्ति राष्ट्रहरूबीच तटस्थ नै रहन बस्न सक्नुपर्छ । उत्तरतर्फ विशाल चीन र दक्षिणतर्फ भारतको बीचमा रहेको नेपाल छिमेकीहरूको मात्र नभई सबै संलग्न राष्ट्रहरूबीच सन्तुलन कायम होस् । नेतृत्व तह तटस्थ रहनुपर्ने हो, भ्याएन क्षमताले ।

राजावादीले गर्ने भनेको आन्दोलनको नेतृत्वमा नवराज सुवेदीभन्दा प्राज्ञ जगमान गुरुङलाई ल्याएको भए बौद्धिक समुदायले पनि ठूलो साथ दिने थियो । जगमान गुरुङजत्तिको राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरको विद्वान् समकालीन नेपाली समाजमा अर्को कुनै छैन, कसैले दाबी गर्नु बेग्लै कुरा हो ।



फणीन्द्र नेपाल



निर्मल प्रसाईं

पार्टीको दोषभन्दा पनि संविधानकै कारणले एकल बहुमत ल्याउन गाह्रो छ : शेरबहादुर देउवा ! कसले ब्ल्याकमेल गरेर यो महँगो संघीयता बोक्नुपरेको होला ? कसको दबाबले यो नेतामुखी व्यवस्था लादिएको होला ? कसको त्रासले एकल बहुमत नआउने प्रणाली बोक्नुपरेको होला ? मुलुकमाथि यस्तो निर्णय गर्दा हात काँप्दैन ?

कांग्रेस-एमाले दुवैका बैठकले संघीयता, लोकतन्त्र र गणतन्त्रको पक्षमा उभिने निर्णय गरे तर हिन्दुराष्ट्र वा धर्मनिरपेक्षताको बारेमा एक शब्द पनि बोलेनन् । कित्ताकाट सुरु भएका बेला, ठूला दलहरूले सबैभन्दा सुरुमा प्रस्टसँग आफ्नो कित्ता क्लियर गर्नुपऱ्यो । के कांग्रेस र एमाले हिन्दु राष्ट्रको पक्षमा उभिएका हुन् ?



डा. मुकुल ढकाल

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

स्ववियु निर्वाचन

# बझाङमा अनेरास्ववियु पहिलो




**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ७ चैत

बझाङ जिल्लाका पाँचवटा क्याम्पसमा सम्पन्न स्वतन्त्र विद्यार्थी युनियन (स्ववियू) चुनावमा एमाले निकट अनेरास्ववियुले बढी स्थानमा जितेको छ।

एमाले निकट अनेरास्ववियुले बझाङका पाँचवटा क्याम्पसमा सम्पन्न स्ववियू चुनावमध्ये दुई वटामा विजयी हुँदै आफ्नो प्रभाव जमाएको हो । निर्वाचन परिणाम अनुसार अनेरास्ववियुले दुईवटा क्याम्पसमा जित हात पार्न सफल भएको छ भने नेपाली कांग्रेस निकट नेविसंघले १, माओवादी निकट अखिल (क्रान्तिकारी) ले १ र समाजवादी निकट अनेरास्ववियूले १ क्याम्पसमा नेतृत्व लिएको छ।

एमाले निकट अनेरास्ववियुले छबिसपाथिभेरा गाउँपालिका-१ मा रहेको सेती क्याम्पस बगडगाउँ र वित्थडचिर गाउँपालिका-९ मा रहेको सुनकुडा क्याम्पस सुनकुडामा जित निकाल्दै आफ्नो पकड बलियो बनाएको छ । सेती क्याम्पसमा दिपेन्द्र दौल्याल र सुनकुडा क्याम्पसमा कपिल विष्टले जित हात पारेका छन्।

कांग्रेस निकट नेविसंघले १ क्याम्पसमा बुंगल नगरपालिकामा रहेको त्रिवेणी क्याम्पसमा चन्द्र बोहरा विजयी भएका छन् । माओवादी निकट अखिल (क्रान्तिकारी) ले १ क्याम्पसमा जित हात पार्दै सशक्त उपस्थिति जनाएको छ।

छबिसपाथिभेरा गाउँपालिकामा रहेको शान्ति आदर्श क्याम्पसमा बम धामी विजयी भएका छन् । समाजवादी निकट अनेरास्ववियू १ क्याम्पसमा विजयी भएको छ। केदारस्युँ गाउँपालिकामा रहेको बझाङदिप क्याम्पसमा सुरेसराज जैशीले नेतृत्व लिएका छन्। त्रिभुवन विश्वविद्यालय अन्तर्गत बझाङमा ८ क्याम्पसमध्ये थलारा क्याम्पस र खापरदेव क्याम्पस गरी २ क्याम्पसमा विभिन्न कारणले चुनाव हुन सकेन।

# बसको ठक्करबाट महिलाको मृत्यु




**पूर्ण तामाङ/मध्यान्ह**
नुवाकोट, ७ चैत

नुवाकोटको तारकेश्वर गाउँपालिका-१, दान्सिङ छाप डाँडामा बुधबार साँझ बसको ठक्करबाट एक महिलाको मृत्यु भएको छ । काठमाडौंबाट तारकेश्वरतर्फ आउँदै गरेको बा २ खा ६८०४ नम्बरको बसबाट ओर्लिने क्रममा दुर्घटना भएको हो । मृतक तारकेश्वर-१ की स्थायी बासिन्दा थिइन् । उनी आफ्ना आफन्तको क्रियाक्रम सकेर तारकेश्वर-५ निग्लेनीबाट घर फर्कँदै थिइन् । बसबाट ओर्लिने क्रममा सवारी अगाडि बढ्दा उनी चेपिएर गम्भीर घाइते भएकी थिइन्। स्थानीयले तत्कालै उद्धार गरी त्रिशूली अस्पताल पुऱ्याए पनि उपचारका क्रममा उनको मृत्यु भयो।

स्थानीयवासीका अनुसार बस चालक यात्रुहरूमाथि रिसाउने, छिटो झार्न दबाब दिने तथा हतारिने बानी राख्दै आएका थिए । उनीहरूको लापरवाहीकै कारण एक निर्दोष महिलाले ज्यान गुमाउनु परेको स्थानीयबासीले बताएका छन्। हाल प्रहरीको नियन्त्रणमा रहेका चालक र बसबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
## ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

**प्रकाशित मिति: २०८१/१२/०८**

यस बैंकको कोल्हवी शाखा कार्यालयबाट तपसिलमा उल्लेखित तपाई ऋणीले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा वापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा वापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा वापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण वापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणी तथा जमानीकर्ताहरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगाना**

**ऋणीको नाम : अम्बेश्वर स्टोर्स**
रजिष्टर्ड ठेगाना : कोल्हवी- १, बारा
रजिष्ट्रेशन नं. : ५५७२/०७४/०७५ ( नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य तथा आपूर्ती व्यवस्थापन विभाग, घरेलु तथा साना उद्योग कार्यालय, कलैया, बारा)
पान नं. : ६०६२७३०६०

**फर्मको प्रोप्राइटरको नाम र ठेगाना**

श्री भोला साह तेलीको नाति, श्री राम वृक्ष साह तेलीको छोरा श्रीमती पान कुमारी साहको पति, साविक मधेश प्रदेश बारा जिल्ला अमाव न.पा/गा.वि.स. वडा नं. ३ भई हाल मधेश प्रदेश, बारा जिल्ला कोल्हवी न.पा. वडा नं. १ बस्ने **हरेन्द्र साह** ( ना.प्र.नं. १६४०/०७०२/६१९, जारी मिति २०४३/०२/१८, जि.प्र.का. बारा)

**जमानीकर्ताहरुको नाम र ठेगाना**

१. श्री राम वृक्ष साह तेलीकी बुहारी, रौदी साह तेलीकी छोरी, हरेन्द्र साहकी पत्नी, साविक मधेश प्रदेश रौतहट जिल्ला सन्तपुर न.पा /गा.वि.स वडा नं. २ भई हाल मधेश प्रदेश, बारा जिल्ला कोल्हवी न.पा वडा नं. १ बस्ने **पान कुमारी साह** ( ना.प्र.नं. ३०७५, जारी मिति २०४६/०३/१२, जि.प्र.का. रौतहट)
२. श्री राम वृक्ष साह तेलीको नाती, श्री हरेन्द्र साहको छोरा, साविक मधेश प्रदेश बारा जिल्ला कोल्हवी न.पा /गा.वि.स वडा नं. १ भई हाल मधेश प्रदेश, बारा जिल्ला कोल्हवी न.पा वडा नं. १ बस्ने **रोशन साह** (ना.प्र.नं. ३३-०१-७८-००३१८, जारी मिति २०७८/०७/०३, जि.प्र.का. बारा)

Citizens Bank

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

THE BANKER
BANK OF THE YEAR 2024
NEPAL

## एपेक्स हस्पिटालिटी लिमिटेड
**नक्साल-१, काठमाण्डौ, नेपाल**
सम्पर्क नं. ०१४५३२२७२, www.apexhospitality.com.np

## जगेडा शेयर बिक्रि खुल्ला गरिएको सम्बन्धि हालका संस्थापक सेयरधनि तथा अन्य सम्पुर्ण इच्छुक महानुभावका लागि जारि गरिएको सुचना

प्रकाशित मितिः २०८१ चैत्र ८ गते

यस कम्पनिले जगेडामा रहेको कि.नं. ४१००००१ थान देखि कि.नं. ५२७५००० थान सम्मको ११७५००० (एघार लाख पचहत्तर हजार) कित्ता संस्थापक शेयर बिक्रि खुल्ला गरेकाले इच्छुक शेयरधनिहरुले यो सुचना प्रकाशन भएको मितिले ७ दिनभित्र र शेयरधनिहरुले उक्त मिति भित्र उल्लेखित सम्पुर्ण शेयर खरिद नगरेको अवस्थामा सो अवधि पश्चात शेयर खरिद गर्न इच्छुक अन्य महानुभावहरुले ७ दिन भित्र आफुले लिन चाहेको शेयर संख्या सो को प्रति कित्ता मुल्य रु १०० का दरले हुनआउने जम्मा रकम यस कम्पनिका नाममा दमौली शाखा कार्यालय रहेको प्रभु बैंक लि. खाता नं.०२००१५०३१५९०००११ मा बुझाई त्यस्को अर्धकट्टि भौचर कम्पनिको रजिष्टर्ड कार्यालय नक्साल १ काठमाडौमा दाखिला गर्न हुन यस कम्पनिको यहि मिति २०८१ फागनु ८ गतेको संचालक समितिको निर्णय बमोजिम अनुरोध गरिन्छ।

Government of Sudurpaschim Province
## Ministry of Physical Infrastructure Development
### Transport Infrastructure Directorate
## Infrastructure Development Office
### Bajhang

## Invitation for Electronic Bid and Sealed Quotation

**Date of Publication : 2081/12/08**

1. Infrastructure Development Office, Bajhang invites Electronic Bid and Sealed Quotation from all eligible Nepalese Bidders for Construction & Upgrading of Roads with Construction details as follows:

| S.N | Contract Identification No | Description of Work | Estimated Amount (NRS) [Including VAT & PS ] | Bid Security, NRs |
|---|---|---|---|---|
| 1 | IDOBAJHANG/W/R/NCB/081-82/14 | Upgrading of Lataun Badegau Rilu Road, Masta Rural Municipality Bajhang | 24,17,455.69 | 54,000.00 |
| 2 | IDOBAJHANG/W/R/SQ/081-82/03 | Upgrading of Girau Majyun Road, Bungal Municipality Bajhang | 19,29,078.33 | 43,000.00 |
| 3 | IDOBAJHANG/W/R/SQ/081-82/10 | Upgrading of Bakhet Bhatsain Bhamchaur Road, Kedarsiu Rural Municipality Bajhang | 19,31,542.61 | 45,000.00 |
| 4 | DOBAJHANG/W/R/SQ/081-82/11 | Upgrading of Kholi Bipra Mayapata Kuchekhola Road, Thalara Rural Municipality and Khaptad Chhanna Rural Municipality Bajhang | 19,27,071.83 | 45,000.00 |
| 5 | IDOBAJHANG/W/R/SQ/081-82/12 | Upgrading of Bagadgau Gureltham Road, Chhabish Pathibhera Rural Municipality 01 Bajhang | 14,49,278.49 | 35,000.00 |

2. Interested eligible bidders can obtain all other necessary information and inspect the Bidding Documents from PPMO's website www.bolpatra.gov.np/egp.

**Office Chief**

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

ॐ कार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
फोन नं.: ०१-४७९२५१७, ४७९३१८५-१२०
फ्याक्स : ९७७-१-४७८२५१७
Website: www.manjushreefinance.com
Email: info@ manjushreefinance.com.np

## धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको १५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८१/१२/०८**

यस वित्तिय संस्थाको विभिन्न शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता नभएकाले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयभित्र आईपुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा १६औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो ४:३० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन। लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

**तपसिल**

| | |
|---|---|
| **१. ऋणीको नाम : शुशिल सारु**<br>बाबु : दल बहादुर सारु<br>बाजे : जगद बहादुर सारु<br>ना.प्र.नं. ४११०६४/८१४६३<br>जारी मिति : २०६६/०६ २०, जि.प्र.का. गुल्मी<br>ठेगाना : गुल्मी जिल्ला, हस्तिचौर गा.वि.स. वडा नं. ५<br>हाल : बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १०<br>**कर्जाको प्रकार : मञ्जुश्री सजिलो सानो कर्जा** | **ऋणीको नाम : पवित्रा शर्मा**<br>बाबु : प्रेम शर्मा उपाध्याय<br>पति : सन्त राम थारु<br>ना.प्र.नं. ६५१००९/६०३<br>जारी मिति : २०६६/०८/१८, जि.प्र.का. बर्दिया<br>ठेगाना : बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. ३<br>हाल बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १० |
| **व्यक्तिगत जमानिकर्ता : सन्तराम थारु**<br>बाबु : खुसीराम थारु<br>बाजे : धिरज राज थारु<br>ना.प्र.नं. ६५३००९/७८<br>जारी मिति : २०६३/१०/०४, जि.प्र.का. बर्दिया<br>ठेगाना : बर्दिया जिल्ला, कालिका गा.वि.स. वडा नं. २<br>हाल : बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १० | **व्यक्तिगत जमानिकर्ता : कमल थारु**<br>बाबु : दल बहादुर सारु<br>बाजे : जगद बहादुर सारु<br>ना.प्र.नं. ४११०६४/८१४६४<br>जारी मिति : २०६६/०६/२०, जि.प्र.का. गुल्मी<br>ठेगाना : गुल्मी जिल्ला, हस्तिचौर गा.वि.स. वडा नं. ५<br>हाल : बाँके जिल्ला, नेपालगंज उ.म.न.पा. वडा नं. १० |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**<br>शुशिल सारु तथा पवित्रा शर्माको संयुक्त नाममा मा.पो.का. नेपालगंज, बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, परसपुर गा.वि.स/न.पा. वडा नं. ०९ नक्सा सिट नं ९क स्थित कि.नं. १३६२ को क्षेत्रफल ०-०-१८.५-० (३१३.२० ब.मी) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत। | |
| २. **ऋणीको नाम :** प्रदेश सरकार, उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, हेटौंडा, मकवानपुरमा मिति २०७८/०६/०४ गते दर्ता नं. २८६५/१८०६/०७८/०७९ मा दर्ता भएको, स्थायी लेखा नं. ६१६७७२१४२ भई मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १२ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री ए.पि. बहुउद्देश्यीय कृषि तथा पशुपंक्षी फार्म**<br>**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा** | **प्रोप्राइटर/व्यक्तिगत जमानिकर्ता : केशरी लोप्चन**<br>बाबु : नजर सिं गोङवा<br>पति : रोहित लोप्चन<br>ना.प्र.नं. ३४/२३८२१<br>जारी मिति : २०६२/०२/२६, जि.प्र.का. मकवानपुर<br>ठेगाना : मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ५ को परिवर्तित हेटौंडा उ.म.न.पा. वडा नं. १२ |
| **व्यक्तिगत जमानिकर्ता : रोहित लोप्चन**<br>बावु : दोर्जे लोप्चन<br>बाजेः लाल बहादुर लोप्चन<br>ना.प्र. नं. ५४/५३७<br>जारी मिति : २०५८/१२/१३, जि.प्र.का. मकवानपुर<br>ठेगाना : मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स. वडा नं. ५ को परिवर्तित हेटौंडा उ.म.न.पा. वडा नं. १२ | **व्यक्तिगत जमानिकर्ता : आयुषा लोप्चन**<br>बाबु : रोहित लोप्चन<br>बाजे : दोर्जे लोप्चन<br>ना.प्र.नं. ३१-०१-७७-०१६०४<br>जारी मिति : २०७७/०७/१३, जि.प्र.का. मकवानपुर<br>ठेगाना : मकवानपुर जिल्ला हेटौंडा उ.म.न.पा. वडा नं. १२ |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**<br>केशरी लोप्चनको नाममा मा.पो.का. मकवानपुरमा दर्ता कायम रहेको मकवानपुर जिल्ला, पदमपोखरी गा.वि.स/न.पा. वडा नं. ०४ नक्सा सिट नं ४ स्थित कि.नं. २६४९ को क्षेत्रफल ०-१-१५.५-० (६०१.०५ ब.मी) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत। | |

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निणर्य अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँवानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ। लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फाराममा उल्लेख गरिने छ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थानः मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय, नयाँ बानेश्वर**
**समय : दिउँसो ४:३० बजे, मितिः २०८१/१२/२४ गते**


**Free Visa ! Free Ticket !! Free Recruitment !!!**
**(Zero Cost) सहित Saudi Arabia मा रोजगारको अवसर**

Alfanar Closed Joint Stock Company पूर्व स्वीकृती मिति: २०८१/१२/७ चलानी नं. : ६०२३४८४५ LT No.: 320658

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Concrete Worker Labourer | 96 | काममा दक्ष | 1000 | ३७,१००।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- रोजगारदाता कम्पनीले | रु. १,५००।- रोजगारदाता कम्पनीले | रु. ७,००।- रोजगारदाता कम्पनीले | निःशुल्क |

**अन्तरवार्ता २०८१ चैत्र १५ गते (28 March, 2025) यस प्रा. लि. को कार्यालय ललितपुरमा हुनेछ।**

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा. लि.**
श्रम ईजाजत नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताल्चिखेल -१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी बिकास बैंक पछाडी), ललितपुर
फोन नं. : ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

**बहराइनमा रोजगार** कम्पनीः NBMT FACILITY SERVICES W.L.L शहरः BAHRAIN
पूर्व स्वीकृत मितिः २०८१/१२/०७ चलानी नं.: ६०२३४८३६ LT. No.: 320705

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 2 | 2 | सम्बन्धित काममा दक्ष | 150 | ५४,९१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner General | 5 | 5 | | 120 | ४३,९३३ | | | | | | | |
| 3. | Office Boy | 3 | 3 | | 120 | ४३,९३३ | | | | | | | |
| 4. | Receptionist | 3 | 2 | | 150 | ५४,९१६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १५ गते (28 March 2025) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NICE
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
**Nice Recruiting Agency Pvt. Ltd.**
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Mob: 9860308319, 9818174840, 9841673504
Website: nicerecruitment.org, Email: nicerecruitingagency1062@gmail.com

# एपिक नेपाल म्युजिक अवार्ड सम्पन्न



**काठमाडौं/मस-** एपिक नेपाल म्युजिक अवार्डको गौरवमय पाँचौं संस्करण, २०८१ सम्पन्न भएको छ । संस्कृतिको शहर भक्तपुरको दुईपोखरीमा म्युजिक प्रा. लि.द्वारा आयोजित समारोहका बीच उक्त अवार्ड कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा लोकप्रिय गायक अमृत खातीले 'ऊनीको पछ्यौरी' बोलको गीतबाट सर्वोत्कृष्ट लोकदोहोरी गायकको अवार्ड प्राप्त गरेका छन् ।

हजारौं दर्शकले भरिपूर्ण उक्त कार्यक्रममा गायक खातीसँगै सर्वोत्कृष्ट चलचित्र गायकका रूपमा डेबिट शंकर, सर्वोत्कृष्ट मोडलका रूपमा नायिका शिल्पा पोखरेल, पुरुष मोडल विमल अधिकारी, सर्वोत्कृष्ट लोकदोहोरी गायिकाका रूपमा सुष्मा शाही ठकुरी, सर्वोत्कृष्ट संगीतकार दीपक शर्मालगायत ३२ वटा विधामा विभिन्न कलाकारहरूले अवार्ड प्राप्त गरेका छन् ।

लेखिका एवं प्रधानमन्त्रीपत्नी राधिका शाक्यको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाली गीत, संगीत र चलचित्र क्षेत्रका हस्तीहरूको बाक्लै उपस्थिति थियो ।

पोखरीमाथि तयार गरिएको सजिसजाउ आकर्षक मंचमा वरिष्ठ कलाकार बसुन्धरा भुसाल, संगीत रत्न शम्भुजित बाँस्कोटा, वरिष्ठ नायक शिव श्रेष्ठ, वरिष्ठ पत्रकार ऋषि धमला, नायक पल शाह र पत्रकार ऋषि थपलियाले सम्मान प्राप्त गरेका थिए ।

# 'भूठान'ले दर्शकसँग प्रत्यक्ष साक्षात्कार गर्ने




**काठमाडौं/मस-** चलचित्र 'भूठान'ले हरेक शुक्रबार काठमाडौंका चिया पसल र रेस्टुराँमा 'फ्राइडे नाइट विथ ह्याप्पिएस्ट म्यान क्याम्पेन' गर्ने भएको छ ।

चलचित्र आगामी १२ वैशाखदेखि प्रदर्शनमा आउँदै छ ।

चलचित्रका निर्माता अविरल थापाका अनुसार यो कार्यक्रम गर्नुको अभिप्राय चलचित्रका दर्शकसँग प्रत्यक्ष साक्षात्कर गर्नु र सिनेमाका बारेमा गफ गर्दै मनोरञ्जन गर्नु हो । २० मार्चमा संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय खुसी दिवसका रूपमा मनाउँदै आएको र सोही अवसर पारेर ५ वैशाखसम्म खुसीको हप्ता मनाउने कार्यक्रम घोषणा गरिएको उनले बताए ।

'भूठान'ले थापाथलीस्थित चियावालामा ८ चैत साँझ ५:३० बजे पहिलो कार्यक्रम गर्ने छ । यो कार्यक्रममा चिया पसलमा आएका जो कसैले आफ्नो गीत, कविता, मुक्तक, गजल, क्यारिकेचर प्रस्तुत गर्नुका साथै चलचित्र 'भूठान'को टिजर र गीतको समीक्षा पनि गर्न सक्ने छन् ।

हरेक हप्ता १ जना सेलिब्रेटीलाई सो कार्यक्रममा ह्याप्पिएस्ट गेस्टका रूपमा निमन्त्रणा गरिने छ ।

यो हप्ता कवि एवं संचारकर्मी रूपेश श्रेष्ठले प्रमुख अतिथिका रूपमा आफ्नो प्रस्तुति दिने छन् ।


# ऋण चुक्ता गर्न आउने ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८१/१२/०८**

यस संस्थाको तपशिलमा उल्लेखित तपाईको ऋण भाखा भित्र नतिरी संस्थाबाट पटक-पटक भएको मौखिक एवम् लिखित तर-ताकेता गर्दा पनि ऋण भुक्तानीको लागि पहल नगरी आलटाल गरी बस्नु भएकोले संस्थामा ऋण तिर्न बुझाउनका लागी यो ३५ दिने सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र संस्थामा तिर्न बुझाउन पर्ने रकम दाखिला हुन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लिँदाको बखत संस्थामा गरेको ऋण तमसुक सर्त कबुलियत नामा बमोजिम तपाईको नाममा वा एकाघर परिवारको नाममा मालपोत कार्यलयमा दर्ता रहेको चलअचल सम्पत्ति अदालति प्रक्रियाबाट नेपाल सरकारको कानून बमोजिम रोक्का राखी असुलउपर गर्ने संस्था बाध्य हुने व्यहोरा जानकारी गराउँदछौं । संस्थाको साँवा, व्याज र हर्जाना असुलीको सिलासिलामा उक्त कार्य सम्पन्न गर्ने क्रममा आएका अन्य खर्च समेत तपाईबाट लेना रकम सरह असुल उपर गर्ने व्यहोरा पनि जानकारी गराउँदछौ । सो प्रक्रियाबाट संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा तपाई ऋणी तथा धनजमानत दिनेको घर-घराना, चल-अचल सम्पत्तिबाट प्रचालित कानून-वमोजिम असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित ऋणी तथा जमानीलाई यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

| क्र.सं. | ऋणीको तीनपुस्ते विवरण | जमानत दिनेको विवरण |
|---|---|---|
| १ | ऋणी : सुदिप देवकोटा<br>बुबा : रघुनाथ देवकोटा<br>बाजे : लोकनाथ देवकोटा<br>ठेगाना : जितपूरफेदी -०२, काठमाडौं । | नाम : सालिकराम देवकोटा<br>बुबा : रघुनाथ देवकोटा<br>बाजे : लोकनाथ देवकोटा<br>ठेगाना : जितपूरफेदी -०२, काठमाडौं । |
| २ | ऋणी : शालिकराम देवकोटा<br>बुबा : रघुनाथ देवकोटा<br>बाजे : लोकनाथ देवकोटा<br>ठेगाना : जितपुर-०२, काठमाडौं । | नाम : गंगाराम घिमिरे<br>बुबा : कृष्ण प्रसाद घिमिरे<br>बाजे : इन्द्रनाथ घिमिरे<br>ठेगाना : धर्मस्थली-०६, काठमाडौं । |
| ३ | ऋणी : शिशीर फुँयाल<br>बुबा : राजु फुँयाल<br>बाजे : चन्द्रकान्त फुँयाल<br>ठेगाना : चाउथे-०५, नुवाकोट । | नाम : सुश्मिता पुडासैनी<br>श्रीमान : शिशीर फुँयाल<br>स.बाजे : राजु फुँयाल<br>ठेगाना : चाउथे-०५, नुवाकोट । |
| ४ | ऋणी : राम बहादुर थापा<br>बुबा : श्याम बहादुर थापा<br>बाजे : दलमर्दन थापा<br>ठेगाना : फुलखर्क-१, धादिङ्ग । | नाम : सुरज के .सी<br>बुबा : बलराम के.सी<br>बाजे : नारायण के.सी<br>ठेगाना : विदुर-०५, नुवाकोट । |
| ५ | ऋणी : अच्युत रुपाखेती<br>बुबा : झंकनाथ रुपाखेती<br>बाजे : रोहिणी प्रसाद रुपाखेती<br>ठेगाना : जिवनपुर -०३, धादिङ्ग । | नाम : प्रकाश भट्ट<br>बुबा : शिवनाथ भट्ट<br>बाजे : लक्ष्मीनाथ भट्ट<br>ठेगाना : तारकेश्वर -०६, काठमाडौं । |

**वचन बचत तथा ऋण सहकारी संस्था लि.**
2066 ESTD
डिल्लीबजार, काठमाडौं, फोन : ०१-४५३५७७९-०१-४५३४३२०
E-mail : savingbachan@gmail.com, web : www.bachansaving.com.np



**ओमनमा रोजगार** कम्पनी : A AND H LLC शहर: AL SEEB
पूर्व स्वीकृत मितिः २०८१/१२/०६ चलानी नं.: ६०२३४८३४ LT. No.: 320723

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Merchandise Pricing | 4 | 0 | स. काममा दक्ष | 130 | ४६,६०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १५ गते (28 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

"A friend at your service"
**Pasa INTERNATIONAL PVT. LTD.**
Kupondol, Lalitpur, Tel: 5439331, 5454499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np, pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६



**युएईमा रोजगार** कम्पनी: INDUS INTERNATIONAL (FZC) शहर: UAE
पुर्व स्वीकृत मितिः २०८१/०९/०९ चलानी नं.: ६०२३०१४६ L.T. No.: 315862 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Helpers General Attendants, Workers, Office, Boys, Helpers, Loaders, Packers And Similar Designations -(Male) | 6 | 5 | स. काममा दक्ष | 800 | ३०,०६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १५ गते (28 March 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


**सन लाईट ह्युमन रिर्सोस प्रा. लि.** Lic No. 689/063/064
सामाखुसी-०३, काठमाडौं, फोनः ४९८४८३२, ४९८४८३३, 9802341585 , 9767241249, 9864827296



**युएईमा रोजगार** कम्पनी : CENTAUR ELECTRO MECHANICAL CONTRACTING CO L.L.C शहर: DUBAI
पूर्व स्वीकृत मितिः २०८१/१२/०७ चलानी नं.: ६०२३४८४० LT. No.: 320683

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electricians | 100 | 0 | स. काममा दक्ष | 1500 | ५६,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ चैत १५ गते (28 March 2025) मा हुनेछ ।**

